# प्रदेश सभा

**गण्डकी प्रदेश**
**चौथो अधिवेशन**
**(चालिसौं बैठक)**

## कार्यवाहीको सम्पूर्ण विवरण

**मिति:- २०७६/०६/१४ गते, अपरान्ह १:०० बजे**

### माननीय सभामुख

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ।

सर्बप्रथम म, माननीय भौतिक पूर्वाधार विकास मन्त्री श्री रामशरण बस्नेतलाई विधायन समितिको प्रतिवेदन सहितको "प्रदेश सवारी तथा यातायात सम्बन्धी व्यवस्था गर्न बनेको बिधेयक" माथि छलफल गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु।

### माननीय भौतिक पूर्वाधार विकास मन्त्री श्री रामशरण बस्नेत

माननीय सभामुख महोदय,सम्मानित सभामा मिति २०७५ साल माघ ८ गते बसेको बैठकमा प्रस्तुत भै दफावार छलफलको लागि विधायन समितिमा पठाईएकोमा समिति बाट प्रतिवेदन सहित प्राप्त भएको"प्रदेश सवारी तथा यातायात सम्बन्धी व्यवस्था गर्न बनेको बिधेयक" प्रदेश सभा नियमावली ०७४ को नियम १२१ को उपनियम २ (क) बमोजिम बिधायन समितिको प्रतिवेदन सहित विधेयक माथी छलफल गरियोस भनि प्रस्ताव प्रस्तुत गर्छु।धन्यवाद।

### माननीय सभामुख

अब म उक्त विधेयक माथि छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोस् ।
यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोस् ।
“हुन्न” भन्ने आवाज सुनिएन, तसर्थ विधेयक माथी छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।
माननीय सदस्यहरु अब, विधायन समितिको प्रतिवेदन सहितको “प्रदेश सवारी तथा यातायात सम्बन्धी व्यवस्था गर्न बनेको बिधेयक” माथिको दफावार छलफल प्रारम्भ हुन्छ । छलफलमा भागलिन चाहानुहुने माननीय सदस्यहरुको लागि १० मिनेटको समय निर्धारण गरेको छु।निर्धारित समय भित्र माननीय सदस्यहरुले आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु ।
सर्वप्रथम, माननीय सदस्य श्री मिना गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय मिना गुरुङ**

माननीय सभामुखज्यू, प्रदेश सरकार भौतिक पूर्वाधार मन्त्रालयले प्रदेश सवारी यातायात सवारी व्यवस्था गर्न बनेको विधेयक २०७५ छलफलका लागि ल्याईएको छ।यो विधेयक यातायात क्षेत्रमा हुने सही र गलत कृयाकलापलाई ब्यवस्थित गर्न ल्याईएको हो। यो विधेयकले अवस्य पनि यातायात क्षेत्रमा काम गर्ने मजदुरको समस्यालाई ख्याल गर्नुपर्छ भन्ने मलाई लाग्छ।सवारी चालक मजदुरको तर्फबाट पनि केही त्रुटीहरु नभएका होईनन तर हाम्रो अनुगमन निकाय मनशाय प्रेरित हुँदा जतिसुकै कडा कानून र सुधार गर्ने हेतुले विधेयक ल्याईएको भएपनि सफलता हासिल गर्न कठिन हुन्छ।विधेयकमा भएको दण्ड सजायँको व्यबस्थाले कतै हाम्रा दैनिकरूपमा रोजिरोटी गरेर गुजारा चलाउने वर्गहरु अन्यायमा पर्न जान्छ कि १ त्यसकारण अनुगमन गर्ने निकाय ट्राफिक प्रहरी पनि त्यत्तिकै जिम्मेवार हुन जरुरी छ।कडा कानून बनाएर अनुशासित बनाउने हाम्रो ध्येय भएपनि ट्राफिक प्रहरीले दण्डित गर्ने नाउँमा कतै वार्गेनिङ गर्ने ठाउँ नरहोस।आर्थीक प्रलोभनका कारण दोषीले उन्मुक्ति र निर्दोषले सजायँ भोग्नुपर्ने र बेथीति जस्ताको तस्तै नरहोस भन्ने सवालमा

हामी सचेत हुन जरुरी छ।सवारि चालक तथा व्यबस्था सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई ध्यानमा राखि नबाझिने गरि हामीले यो ऐन बनाएको हामीलाई विश्वास छ। विधेयक समग्रमा राम्रो छ।सवारि चालक, यात्रुहरु र चौपाया धनिका समस्याहरुलाई संबोधन गरिएको छ, व्यबस्थीत गर्न पनि खोजिएको छ।दुर्घटनामा परेका यात्रु र सवारीलाई हानी, नोक्सानी गर्न नहुने भन्ने कुरा नैतिकता,मूल्य,मान्यता र धर्म न्याय सँग पनि जोडिएको देखिन्छ।विधेयकको उपदफा २२ को १ दफा २१ बमोजिम कुनै सवारि दर्ता गर्नुभन्दा अगावै यस्तो सवारी चलाउन सकिने अबस्था भए, नभएको सम्बन्धमा दफा २८ बमोजिमको मापदण्डका आधारमा छानबिन गरि चलाउन सकिने, ठिक स्थीतिमा रहेछ भने मात्र त्यस्तो सवारि दर्ता गरि दर्ताको प्रमाणपत्र दिने जस्ता विषयले जनताको प्रत्यक्ष सरोकार राख्ने स्वास्थ्यका लागि र प्रदूषित वातावरण रोक्न मद्दत पुग्छ भन्ने मेरो पनि विश्वास छ।वातावरणमैत्री सवारिसाधनको पनि यहाँ बिषय उठेको छ र यी सबै कुराहरु हाम्रो यो अहिलेको जुन प्रदेश सरकार भौतिक पूर्वाधार मन्त्रालय, प्रदेश सवारी यातायात सवारी व्यबस्था गर्न बनेको विधेयक २०७५ भित्र जे जे दफाहरु उल्लेख भएका छन, त्यो भित्रका कुराहरुमा मलाई एउटा कुरा चाहिँ के आज यो सम्मानित सभामा भन्न मन लागेको छ भने हामी अलिकति मजदुर वर्गसँग नजिक भएर काम गरिरहेको हैसियतले हामी हुन त त्यो विधायन समितिमा छैनौं तथापी हामीलाई कुनै त्यस्तो किसिमको बैठकमा अगावै बस्न पाएको भए हुन्थ्यो तर पनि हाम्रा विधायन समितिका सभापतिज्यूले असाध्यै अनुग्रह गरेर हामीलाई बोलाईदिनुभयो र हामी त्यहाँ गएर केही विषयहरु आफ्नो सरोकारवालाको तर्फबाट, हामी जिम्मेवार साथीहरुको तर्फबाट हामीले राख्ने मौका पायौं म त्यसको लागि यो सम्मानित सभामा हाम्रो सभापतिज्यु लगायत वहाँको सम्पुर्ण टिमलाई धन्यवाद पनि दिन चाहान्छु।हाम्रो यातायात मजदुरहरुलाई जिम्मेवार र अनुशासित बनाउन यो बनाईएको यो गण्डकी प्रदेशमा दुर्घटना न्युनिकरण गर्न बनाईएको र सवारी ब्यवस्थालाई चुस्त,दुरुस्त राख्न बनाईएको यो विधेयक कोशेढुङ्गा साबित हुन्छ भन्ने हामीलाई लागेको छ तर यस्तो हुँदाहुँदै पनि

हामीलाई यो अहिले असाध्यै आवश्यक भएको यो विधेयक आईसकेकोछ यो धेरै चर्चा परिचर्चा पछि पनि आएको हो र हामीले धेरै पर्खाइ पनि गर्नुपऱ्यो यो बिबिध कारणहरु लामो छलफलमा गएको पनि हो यसबाट पक्कै पनि अब कसैको गुनासो कसैको पनि त्यसमा चाहिं केही संशोधनका विषयहरु पर्नुहुन्न भन्ने हाम्रो मान्यता छ।त्यसो भैरहँदा पनि हामीले फेरि सम्बन्धित वा सरोकारवाला र त्यस्ता प्रतिनिधीहरुलाई, त्यसका जिज्ञासुहरुलाई हामीले विषय हामीले पस्केका थियौं त्यो पस्किंदाखेरि हामीलाई चाहिँ बिशेष गरेर मजदुर साथीहरु बाट केहि त्यस्ता यहाँ शव्दहरु, त्यस्ता भनाईहरु हामिलाई सुधार गर्नको लागि केही वहाँले टिपोट पनि पठाउनुभाकोछ।१,२ वटा म यहाँ पस्कन पनि चाहान्छु हजुरलाइ म त्यो राख्न पनि अनुरोध गर्न चाहान्छु हजुर समक्ष।विधेयकको दफा ६४ को उपदफा १ ९क० मा रहेको कुल १० वा सोभन्दा बढी भन्ने वाक्यांशको अगाडि ५ वर्षभित्र भन्ने वाक्यांशको सट्टा २ वर्षभित्र भन्न राख्न पाएको भए कस्तो हुन्थ्यो भन्ने वहाँहरुको एउटा सुझाव मात्रै छ।यस्ता धरै सुझावहरु हामीमा आएको छ त्यसमा एउटा असाध्यै विशेष सुझाव चाहिँ वहाँले राख्नुभाकोछ,विधेयकको दफा ६५ को उपदफा २ मा राखेको यो लापर्वाही भन्ने वाक्यांशमा सट्टामा मनशाय भन्ने थप गर्नुपर्छ भन्ने जस्ता यस्ता सुझावहरु हामीलाई वहाँहरुले पठाउनुभएको छ म एउटा प्रतिनिधिको हैसियतले पनि यो कुरा आज यहाँ जोडन मैले अनुमति पनि मागें र यसैगरि विधेयकको १९४ को उपदफा ८ पछि ९ थपि निम्न कुराहरु लेख्नुपर्छ भन्ने कुराहरु वहाँले राख्नुभएको छ जुन कुरा मैले सभापतिज्यूलाई विशेषरुपमा पनि जानकारि गराईसकेकोछु।यस्ता केही कुराहरु हामी जति नै राम्रो विधेयक बनायौं हामी शतप्रतिशत अब सबैको लागि यसले चाहिँ समान किसिमको एउटा न्याय गर्छ भनेर हामीले सोचिरहेतापनि तर अघि भरखरै हाम्रो माननीयज्यूले पनि भन्नुभएको थियो,जति नै राम्रो बनाउँदै जाँदैमा कहिँ कतै चाहि केही कुराहरु अझै हाम्रो सवालहरु हाम्रा जिज्ञासाहरु रहंदोरहेछ तर पक्कै यो चाहिँ एकदमै कहिल्यै नमेटिने यो हाम्रो विधेयक होईन,यसमा संशोधन हुँदै गर्छ समय र परिस्थिति यसलाई फेरि माग गरेअनुसार हामीले यसमा पक्कै

पनि परिवर्तन पनि ल्याउन सकिन्छ।त्यसैले गर्दाखेरि मेरो हातमा भएका यी बिभिन्न किसिमका यी टिपोटहरु छन, यसलाई म हाम्रो विधायन समितिमा फेरि एकपल्ट केही कुराहरु यसलाई सच्याउन सकिने विषयहरु रहन्छ भने म हार्दिकताका साथ यो बिषय वहाँहरुलाई म दिनेपनि म अनुरोध गर्दछु र अहिले वास्तबमा विधेयकमा रहेका केही यस्ता सवल पक्षहरु छन जुन चाहिँ पहिला हामीले २००० जति जरिवाना लिएर जतातत‍ै कुनैपनि कुरामा अब गलत ठाउँमा अब गाडी पार्कीङ्ग गरिरहयो भने त्यहाँ नै २००० रुपैयाँ दण्ड गरिहाल्ने जस्ता कुराहरुमा ५०० रुपैयाँ बनाउने जस्ता उमेरको हदबन्दी पनि मेटाएको छ जस्तो २५ वर्ष थियो एउटा चालकलाई अहिले २१ वर्ष बनाईएकोछ।त्यस्तै साना किसिमको मोटरसाईकलहरु चलाउने हाम्रा भाईहरुलाई हाम्रा साथीहरुलाई चाहिँ अहिले चाहिँ १६ वर्षको एउटा उमेर पनि तोकेकोछ।यस्ता यस्ता राम्रा राम्रा पक्षहरु एकदमै धेरै घोरिएर,धेरै छलफल गरेर हाम्रो अहिले गण्डकी प्रदेशले यो यातायात सम्बन्धी व्यबस्था गर्न बनेको विधेयक ल्याएकोमा हामी असाध्यै खुसी छौं,यो आउनुपर्ने थियो तर यसमा अब सबै कुरा विधेयकमा समेटिन कति सक्छ तर त्यो पछि चाहिँ अब यो पक्कै पनि ऐनले, नियमले अब यसलाई चाहिँ अरु कुराहरु थप गरेर ल्याउनुपर्छ र ल्याईन्छ पनि।तर त्यो भन्दाभन्दै पनि अहिले यो टेक्सीचालकहरुको बिषयमा म यही सन्दर्भमा यो डेस्कमा उठेर केही कुराहरु अनुरोध गर्न चाहान्छु,विशेष गरेर अहिले यो समायोजनको कुरा उठ्दा उठ्दा अहिले धेरै टेक्सिचालकहरु जसलाई हामी स्वरोजगार पनि भन्ने गर्छौं,वहाँहरुको जिवनस्तरलाई वहाँहरुको मनोभावनालाई हामी अब गण्डकी प्रदेश सरकारले असाध्यै राम्रोसँग मनन गर्न जरुरी भएको कुरालाई म अनुरोध गर्दछु।वहाँहरुलाई परेको पीर मर्का के हो एकपल्ट सुनुवाई राम्रोसँग हुन जरुरी छ र हामी बसेर सरोकारवालाहरुसँग अन्तर्क्रिया अझै गहन ढंगले गरेर यसलाई हुन नसक्ने कुरा केही पनि छैन जस्तो मलाई लाग्छ।सरल ढंगले एउटा टेक्सीचालकले २५ लाख ३० लाख हालेर एउटा टेक्सी किनेको हुन्छ,त्यसैले त्यस्तो लगानीमा हामीले कसरि वहाँहरुलाई यही देशमा चाहिँ स्वरोजगार भएर खाउ भन्नेरु यो परिस्थीतिलाई कसरि हाम्ले स्थापित गर्न सक्छौं यो बारेमा

चाहिँ अब सरकारको ध्यान असाध्यै जानुपर्छ र यो बारेमा चाहिँ मलाई धैरै व्यक्तिगतरुपमा पनि सबैको गुनासोहरु मैले सुन्नु पनि परिरहेको छ, त्यसले आजको यस सम्मानित सभामा म माननीय सभामुख मार्फत सरकारलाई म अनुरोध गर्न चाहान्छु कि१ हामीले अहिले यतिबेला चाहिँ जो होचो उसकै मुखमा घोचो भन्ने एउटा हाम्रो भनाई पनि छ हाम्रो समाजमा। हाम्रो मजदुरहरुलाई अहिले परेको पिर मर्कालाई असाध्यै आत्मीयताका साथ अझ यसलाई चाहिँ एउटा मुख्य विषय नै ठानेर यसलाई संबोधन होस भनेर म अनुरोध गर्दछु र अहिले स्वरोजगार लगायत अहिले हाम्रा सम्पुर्ण मजदुरहरु जो चाहिँ आफै लगानी गरेका छन र धैरै ऋणहरु लिएर बैंकमा वहाँले व्याजहरु तिरेर, आफैंले काहीँ त वहाँले घरवारैबिहिन भएर वैदेशीक रोजगारिमा पुनः जानुपर्ने अबस्थाहरु पनि शृजना हुने कुरामा पनि म आजको यो हाम्रो जुन विधेयक हामी पास गर्दैछौं, यही सन्दर्भमा अनुरोध गर्दछु र आगामी दिनमा हाम्रो यो जुन विधेयक बनिरहेको छ यसलाई आज हामीले छलफलका साथै दफावार छलफलका साथै हामी यसलाई चाहिँ पास गरेर लाने पनि हाम्ले एउटा अहिले म्यान्डेट लिंदैछौं,त्यसैले गर्दाखेरी म अनुरोध गर्दछु, यहाँ भित्र राम्रोसँग अध्ययन र छलफल चलाउँदै अझै उठेका विषयहरुलाई हाम्रो विधायन समिति लगायत सरकारले पनि यसलाई चाहिँ राम्रोसँग अध्ययन मनन गरेर यसका निचोडहरु निकाल्नुहुनेछ भन्ने म विश्वास राख्दछु र अरु लामो कुरा गरेर यो भित्र भएको बुँदा, बुँदालाई पढेर मैले यहाँ समयलाई त्यति चाहिँ मैले खतम गर्न चाहिँ चाहाँदिन। त्यसैले म अन्तमा यो भन्न चाहान्छु, अब अहिले यतिबेला यो दशैं चाडपर्व आईरहेकोछ, यो दशैं, यो तिहार जस्तो चाडपर्वमा अलिकति बढी फेरि मनोमानि पनि हुन्छ,यतातिर पनि हाम्रा सम्बन्धित निकायले सही, गलत गर्नेलाई, अन्याय गर्नेलाई सजायँ र सहि काम गर्नेलाई चाहिँ सहि गरेछ भनेर स्यावासि दिने किसिमको चालकहरुलाई त्यो किसिमको हौसला दिने कुरा पनि गरौं तर ठ्याक्कै समात्दै पाँपाँच हजार जरिवाना गरेर हाम्रा गरीब चालकहरुलाई हाम्रा एकदमै दुस्ख गरिरहेका मजदुरहरुलाई पिडा दिने कामहरुमा चाहिँ अब सरकारले यतातिर चाहीँ अलि बढि ध्यान पुऱ्याओस भन्दै आजको

यो जुन हाम्रो प्रदेश सरकार, भौतिक पुर्वाधार मन्त्रालयले प्रदेश सवारी यातायात सवारी व्यबस्था गर्न बनेको बिधेयक छलफलमा मलाई पनि भाग लिने मौका दिनुभएकोमा म हार्दीक धन्यवाद दिँदै बिदा हुन्छु।हस त धन्यवाद १ नमस्कार १

**(माननीय सभामुख)**

माननीय सदस्य श्री विन्दु कुमार थापा लाई छलफलमा भाग लिन समय दिन्छु। सभामुख महोदय,आज हामी प्रदेश सवारी तथा यातायात सम्बन्धी गर्न बनेको विधेयक २०७५ उपर छलफलमा जुटिरहेका छौं। नेपालको संविधानको अनुसूची ६ को क्रमसंख्या ७ मा यातायात व्यबस्था यातायात विषय परेको छ।प्रदेशले यातायात सम्बन्धि नीति, कानून, मापदण्ड, योजना र यसको कार्यान्वयन र नियमन गर्न सक्ने स्पष्ट प्रावधानको व्यबस्था भएकोले प्रदेश भित्रका सवारि दर्ता, नविकरण, चालक अनुमति र नविकरण, प्रदेश भित्र सार्वजनिक यातायातको रुट र अनुमति, गुणस्तर, भाडादर निर्धारण र नियमन आदी बिषयवस्तु समेटि यातायातको क्षेत्रलाई जनअपेक्षा बमोजिम सबल, सुरक्षित र विश्वसनीय बनाई जनतालाई भरपर्दो यातायात सेवा प्रदान गर्न गण्डकी प्रदेशभित्र लागु हुने गरि तर्जुमा गर्न आवस्यक भएकोले भनिएकोछ।गण्डकी प्रदेशले ल्याउन लागेको यो विधेयक यो यसमा चाहिँ सिक्स्टी प्रतिशत उठेको राजश्व चाहिँ प्रदेशले पाउने फोर्टी प्रसेण्ट स्थानीय सरकारले पाउने प्रावधान पनि संबिधानत: व्यबस्था गरिएकोछ।सरकारले यसरि राजश्व उठाईरहँदा खेरि एउटा कुरा त मैले पनि के राख्न चाहान्छु भने अलिकति सरोकारवालाहरु जस्तो यातायात व्यबसायिका साथीहरु छन, बिभिन्न संघ संगठनहरु छ यातायात व्यबसाय गर्ने साथीहरु र विशेष गरेर मजदुरहरुसँग यातायात मजदुरहरुसँग बसेर अलिकति छलफल गरेर ल्याउन पाएको भए अझ यो चाहीँ स्तरीय किसिमको विधेयक हुन्थ्यो कि ! भन्ने मलाई पनि लागेको छ र यातायात विशेष गरेर यातायात मजदुर साथिहरुको अलिकति यो विधेयक उपर अलिकति चाहिँ गुनासोहरु धेरै आइरहेको हो हाम्रो माननीय सभासदज्यूले पनि यो भन्दा अगाडी राखिसक्नुभाकोछ, त्यो विषयमा मलाई पनि अलिकति कुराहरु

प्रसंगहरु आईराखेको अबस्था थियो, विशेष गरेर मजदुर दाजुभाईहरु बाट।यसलाई चाहिँ अलिकति विधायन समितिमा जाँदाखेरि अझ अलिकति परिमार्जन गरेर सुधार गरेर ल्याउन जरुरी छ भन्ने मलाई लाग्छ र अर्को कुरा सरकारले यसरि यो विधेयक मार्फत जुन हिसाबले चाहिँ राजश्व असुलि गर्छ यातायात व्यवसायिहरु, यातायात मजदुरहरुसँग जुन हिसाबले। यो राजश्व असुलि गरिसकेपछि सरकारको पनि आफ्नो केही कर्तव्यहरु यसमा देखिन आउँछ। अहिले असाध्यै अब्यवस्थितरुपमा पार्किङको समस्याहरु हामीले देखिराखेका छौं, विशेष गरेर यो गण्डकी प्रदेशको राजधानी पोखरामा। पहिला यो सडकमै व्यवसाय गरेर अब्यवस्थितरुपमा फुटपाथ व्यबसाय गर्ने साथीहरु हुनुहुन्थ्यो, त्यो समयमा उद्योग वाणिज्य संघका साथीहरु, राजनैतिक पार्टीहरु सबै सबैको संयुक्त प्रयासबाट त्यो अब्यवस्थीतरुपमा फुटपाथमा व्यबसाय गर्नेहरुलाई हामीले त्यतिखेर चाहिँ व्यबस्थापन गर्न सफल भयौं। यसको मतलब अहिले कै भैराखेको छ भने त्यो फुटपाथ त हटायौं हामीले ! फेरि त्यहाँ सडकमै चाहिँ गाडीहरु पार्किङ गर्ने, यतिसम्म की ! रातभरि नै गाडीहरु पार्किङ गर्ने पनि हामीले पाएका छौं। यो अब्यबस्थित पार्किङलाई ब्यबस्थित गर्नेतर्फ पनि अलिकति प्रदेश सरकारको ध्यान जानुपर्छ भन्ने मलाई लाग्छ र अर्को कुरा गण्डकी प्रदेशको राजधानी पोखराभित्रका राजमार्गहरु,सडकहरु असाध्यै नाजुक अबस्थाका छन, त्यहाँबाट उठेको राजश्व बाट यहि क्षेत्रको यहि यातायातै क्षेत्रमा चाहीँ खर्चिनुपर्छ भन्ने मान्यताका साथ मैले यो कुराहरु सुझावकोरुपमा राखिराखेको छु। सडकहरुको अबस्था सुधार गर्नलाई यसको स्तरोन्नती गर्नेतर्फ र धेरै ठुलो काम पनि गर्नुपर्दैन खाल्डाखुल्डीहरु मात्रै अलिकति चाहिँ टालटुल गरेर सम्याउन मात्रै पायो भनेपनि धेरै राम्रो हुन्थ्यो जस्तो मलाई लाग्छ र अर्को कुरा असुरक्षित सडक यातायात देखिईराखेको छ। डरलाग्दा सडक दुर्घटनाहरु भैराखेका छन, सडकजामको समस्या पनि त्यत्तिकै छ र यो ट्राफिक लाईटको पनि उपयुक्त व्यबस्थापन गर्न सकिएको छैन। यस्ता कुराहरुमा प्रदेश सरकारले यो राजश्व उठाईसकेपछि राजश्वको चाहिँ सदुपयोग यो जनताहरुले चाहिँ यसै क्षेत्रमा खर्च होस भन्ने पनि उनिहरुको

अपेक्षा रहेको कुरा म यहाँ जानकारि गराउन चाहान्छु। सभामुख महोदय, यसको अलावा यो अलिकिति सडक बिभिन्न यो सडकमा चाहिँ यातायातको जाम, यातायातको अब्यवस्थित यातायातको कारणले गर्दाखेरि बटुवाहरुलाई चाहिँ यो सडक, ट्राफिक लाईटको पनि ब्यवस्थापन नभैरहेको हुँदाखेरि बटुवाहरुलाइ सडकपार गर्नको लागि पनि त्यत्तिकै समस्याहरु देखिइराखेको छ। यो आकासेपुल बिभिन्न ठाउँमा यो महेन्द्रपुल, पृथ्वीचोक, सभागृहचोक त्यसपछि बि।पि।चोकमा चाहिँ असाध्यै आकासेपुलको आवस्यकता देखिएकोछ तर त्यो तर्फ चाहिँ सरकारको अलिकति ध्यान पुगेको पाईदैन,स्थानीय सरकारले अहिले यो शृजनाचोकमा एउटा चाहिँ स्टील स्टक्चरको आकासेपुल बनाउँदैछ, हामीले देखेको,जनताहरुले चाहेको अलिकति महेन्द्रपुल, पृथ्वीचोक, सभागृहचोकमा आकासेपुलको आवस्यकता हो तर अहिले चाहीँ यो सृजनाचोकमा बन्दैछ,त्यो आवस्यकता ५ वर्षर६ वर्ष अथवा १० वर्षपछि त्यहाँ आवस्यकता हुन्थ्यो होला तर अहिले त्यहाँ बन्दैछ यो जानकारिको लागि राख्न चाहान्छु। अर्को कुरा सडक निर्माणमा क्वालिटी हेर्ने काम हुने,समय सिमाभित्र नसिद्धिने समस्याहरु पनि देखिईराखेका छन,अहिले पनि असारे विकास कायमै छ, उचित ढलनिकासको समस्याले गर्दाखेरि पोखरा-१६ लामाचौरको क्षेत्रमा असाध्यै ठुलो समस्या, मानिस नै मृत्युसम्म भएको पनि हामीले घटनाहरु देखेका छौं।त्यो ढलनिकासको पनि व्यबस्था गर्न सकिएको छैन, उचित ढलनिकासको समस्या, त्यस्तै पोखरा-६ लेकसाईडको बाराहीचोकमा पनि ठुलो समस्या देखिएको छ यो पानी पर्दाखेरि अलि ठुलो पानी पर्दाखेरि सेती नदी जस्तै विशाल त्यहाँ भएर ट्राफिक जाम नै हुने अबस्था छ, त्यो, त्यहाँ, त्यो साईडबाट गाडी चल्न नसक्ने अबस्था छ।यस्ता कुराहरुमा पनि सरकारको ध्यान जानुपर्छ भन्ने मलाई लाग्छ र अर्को कुरा यो सडक दुर्घटना हुनुमा चालक अनुमतिपत्र वितरणमा रकमको चलखेल हुनु, चालकको लापर्वाही, असावधानी,ट्राफिक नियमको उचित पालना नहुनु,सडकको दुरावस्था आदी कारणले पनि दिनानुदिन सडक यातायात जोखिमपुर्ण बन्दै गएको हामीले महशुस गरेका छौं। त्यसकारण यो तर्फ पनि अलिकति सरकारले विधेयक ल्याएर यो राजश्व असुली गरेर यसमा राम्रो

प्रतिशत भन्नुपर्छ सबै धेरै राजश्वहरुमा चाहिँ फोर्टी प्रसेन्ट मात्रै प्रदेश सरकारले पाउने हुन्छ भने यसमा सिक्स्टी पर्सेन्ट प्रदेश सरकारले पाउने अबस्थाको विद्यमान ब्यवस्था छ।यल्ले गर्दाखेरि यसको रकम चाहिँ यस्ता कुराहरुमा यसै क्षेत्रमा खर्च खर्चिनुपर्छ भन्ने मान्यताका साथ मेरो आफ्नो धारणा यहिँ समाप्त गर्दछु। धन्यवाद ! जयनेपाल !

## माननीय सभामुख

माननीय सदस्य श्री हरिशरण आचार्य लाई छलफलमा भाग लिन समय दिन्छु। माननीय सभामुखज्यू,हामी यातायात व्यबस्थापन गर्ने हिसाबले जुन विधेयक संसदमा अगाडीदेखि थन्किएर बसेको विधेयक थियो, त्यो अगाडी बढ्यो, सबभन्दा अगाडी खुसीको कुरा म यहाँ राख्न चाहान्छु किनभने त्यो विधेयक धेरै अगाडी आउनुपर्थ्यो र यातायात व्यबस्थापनका निमित्त सरकारले यो बिचमा गज्याङगुजुङ बनाएर राख्न हुन्थेन आयो यसका लागि सरकारलाई म धन्यवाद ज्ञापन गर्न चाहान्छु किनभने यो संसदमा अड्काएर राख्ने बिषयवस्तु थिएन। यो छिटो भन्दा छिटो ठिक बेठिक के छ त्यसको संशोधन गर्नसक्ने अधिकार दुई तिहाईलाई छँदैछनि! किन हाम्ले रोक्नुपर्‍यो र ! अरु कुरा गर्न किन पर्‍याथियो ? त्यसोभएर त्यो सबै अधिकार छँदैछ सबै अब चाहिँ जनताले दिएको अधिकार प्रयोग गर्न त पाउने अधिकार छनि! त्यो कुरालाई कम्तिमा चाहिँ सरकारले जे होस यो अहिले दशैं अगाडि ल्यायो यसका निमित्त मैले सरकारप्रति धन्यवाद ज्ञापन गरिराखेको छु र यसमा केही अझैपनि यो ऐनभित्र यो चाहिँ विधेयकभित्र केही सच्याउनुपर्ने बिषयवस्तुहरु, अझै अपुग बिषयवस्तुहरु छन र आगामी दिनमा फेरि हामी छलफल गरेर संघ र प्रदेशको चाहिँ बिचको चाहिँ तारतम्य नमिलेका र कतिपय चाहिँ त्यसको तालमेल नमिलेका बिषयवस्तुहरु फेरि संशोधन गर्नपर्ने आवस्यकता पनि बन्ला र त्यो बेला हामी फेरी पुन: छलफल गर्ने कुरा पनि शायद हुन्छ जस्तो लाग्छ मलाई ! जे होस हामी सरकार र हाम्रा बिचमा तितामिठा जेजे भएपनि हामीले आज मिठो चिज प्राप्त गरेका छौं भन्ने कुराको म यहाँ अनुभूति राख्न चाहान्छु।

साँच्चै अहिले सबभन्दा धेरै ट्राफिक जाम जसरि हिजो काठमाण्डौमा ट्राफिक जाम बेहोरेर अहिले सडक फराकिलो हुँदाखेरि हल्का कम भएजस्तो तर सवारी साधन बढेकोबढ्यै हुनेजस्तो त्यस्तो बनिराख्याछ तर यहाँ यो प्रदेशको सबैभन्दा समस्या अहिले पोखरामा जुन समस्या देखापरेको छ,अहिले पनि ट्राफिक ब्यवस्थापन गर्नका निमित्त उचित प्रकारले चाहिँ पार्किङ्को ब्यवस्थापन नहुन्जेलसम्म यो ब्यवस्थापन गर्ने कुरा अझै पनि कठिन रहन्छ।कानून बनाउने कुरा त हाम्रो लागि सजिलो छ तर त्यो कानूनलाई कार्यान्वयन गर्ने कुरा र त्यस पछाडि त्यसलाई कार्यान्वयन गर्ने चाहिँ मतलब निकाय बनाउने निर्माण गर्ने कुरा त्यसलाई जनशक्ति परिचालन गर्ने कुरा अहिले पनि हाम्रो फितलो छ। त्यो फितलो प्रकृतिको जुन विषयवस्तु छ, त्यतापट्टि अलिकति ध्यान दिएर आगामि दिन यो कानूनलाई कार्यान्वयन गर्ने र यातायात ब्यवस्थापनलाई ब्यवस्थित गर्नका निमित्त सरकार गम्भिर बनोस यही आग्रहका साथ धन्यवाद ! नमस्कार ।

**माननीय सभामुख**

माननीय सदस्य श्री मायानाथ अधिकारीलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय मायानाथ अधिकारी**

माननीय सभामुखज्यु,प्रदेश सवारी तथा यातायात सम्बन्धी ब्यवस्था गर्न बनेको विधेयक विधायन समितिमा अलि व्यापकै छलफल भएर सरोकारवालाहरुसँग राय, सल्लाह सुझाव लिएर एउटा ठोस निचोड सहित हाम्रो यो प्रदेश सभा सम्मानित प्रदेश सभामा टेवुल भएको छ,यस सम्बन्धमा हामीले अघि नै चर्चा पहिले नै चर्चा गरेका छौं। नेपालको संविधानमा एकल अधिकारकोरुपमा यातायात क्षेत्र जुन यातायातको बिषय छ त्यो एकल अधिकारकोरुपमा हाम्रो रहिआएको छ। त्यसलाई ऐन बनाएर ब्यवस्थित गर्नुपर्ने त्यसलाई कार्यान्वयन गर्नुपर्ने दायित्व प्रदेश सरकारको हो।निकै अगाडि नै त्यो ऐन केरे विधेयककोरुपमा आएको भएपनि त्यसलाई छलफल गरेर पारित गर्ने

कुरामा भैरहेको थिएन,अहिले विधायन समितिले आवस्यक छलफल सुझावसहित यो विधेयक ल्याएको छ।म विधायन समितिलाई धन्यवाद दिन चाहान्छु।प्रदेश सरकार जसले यो यातायात र सवारी क्षेत्रलाई व्यवस्थित गर्नको निम्ति यसको आवस्यकता र महत्व बुझेर यो विधेयक ल्याएको छ म प्रदेश सरकारलाई पनि धन्यवाद दिन चाहान्छु। वास्तवमा, हाम्रो गण्डकी प्रदेशमा चाहिँ यातायात क्षेत्रलाई धेरै व्यवस्थित गर्नुपर्ने देखिन्छ। अघिल्ला वक्ता माननीयहरुले बोल्नुभएजस्तै काठमाण्डौको पहिला पहिलाको रोग अब काठमाण्डौ बिस्तारै व्यबस्थित होला तर काठमाण्डौको बिस्तारै त्यो रोग चाहिँ बिस्तारै बिस्तारै पोखरातिर सर्न लागेको हामी देखिरहेका छौं।सवारी साधनलाई ब्यवस्थित गर्ने कुरा, पार्किङलाई ब्यवस्थित गर्ने कुरा, उनिहरुलाई सही ढंगले व्यबस्थित गर्ने कुरामा समस्या छ। ऐन नै नभैकन त्यसलाई ब्यवस्थित गर्ने कुरा वाधा पनि परेको होला, त्यसकारणले यी सबै कुरा अहिलेको जनअपेक्षा अनुरुप यातायात सेवालाई भरपर्दो, प्रभावकारी, विश्वसनीय बनाउनको निम्ति अब यो ऐनले काम गर्नेछ।यसलाई यसको कार्यान्वयनमा, कार्यान्वयन पछाडी पक्कै पनि सकारात्मक प्रभाव पर्नेछ र त्यसले राजश्व संकलनको कुरामात्र होईन, धेरै अरु कुरालाई ब्यवस्थित गर्ने कुरामा बल पुग्नेछ भन्ने कुरा मलाई लागेको छ।यो एउटा कुरा त म भनिहाल्छु म सत्तापक्षको प्रमुख सचेतकको हिसाबले पनि मैले सुनेजानेको अनुसार विधायन समितिले सल्लाह धेरै गरेन भन्ने कुराप्रति मैले जवाफ दिने त विधायन समितिको सभापतिले जवाफ दिने हो तैपनि मैले सुने अनुसार पर्याप्त छलफल नपुग्या होला, हन्ड्रेड परशेन्ट नपुग्या होला तर धेरे छलफल गरेर वहाँहरुले मेहनत साथ ल्याउनुभएको छ भन्ने कुरा मैले बुझेको छु, यो कुरा चाहिँ म राख्न चाहान्छु। अब दफावार छलफलमा मैले धैरै कुरा भन्नुछैन,यसमा ११ वटा दफा परिच्छेदमा उल्लेख गरिएकोछ र ११ वटा परिच्छेद मध्ये अरु धैरै कुरा चर्चा गर्नुभन्दा एउटा चाहिँ सवारिको बर्गिकरण गरिएको छ धैरैखालका सवारिहरुको नामाकरण छ त्यहाँ ! त्यसमा खास गरि ३ खालका सवारी भनेर त्यहाँ बर्गिकरण गरिएकोछ एउटा ठुला सवारी, एउटा

मझौला सवारि, एउटा २ पाङ्ग्रे ३ पाङ्ग्रे भनेर बर्गिकरण गरिएकोछ,त्यसलाई ब्यवस्थित गर्ने कोशिस गरिएकोछ।आर्को,चालक अनुमतिपत्रलाई कसरि ब्यवस्थित गर्ने, कसरि प्रभावकारि बनाउने, कसरि अलिकति पारदर्शीपुर्ण ढंगले सहज र छिटो बनाउने भन्ने कुरा त्यहाँ चालक अनुमतिपत्रको ब्यवस्था छ र त्यसमा चाहिँ विदेशीहरुले, विदेशि चालकहरुले अनुमतिपत्र लिनुपर्ने व्यबस्था के हो भन्ने बारेमा पनि उल्लेख छ। हामि देख्छौं, ईण्डियन गाडीहरु पनि यहाँ जथाभावि चढेको अथवा अरु देशका गाडीहरु पनि चलेको देखिन्छ ति अनुमति लिएर चल्छन कि अनुमति नलिइकन चल्छन? त्यो हामीलाई जानकारिको विषय छैन तर धैरै हाम्रो प्रदेशभित्र, हाम्रो प्रदेशभित्र को चल्न पाउने,को चल्न नपाउने, कसले कति समय चल्न पाउने, नपाउने? बाहिर प्रदेशका वा बाहिर देशका गाडिहरु आएर हाम्रो देश, प्रदेशमा कति समय बस्न पाउने? तिनको अनुमति के हो त्यो बारेमा प्रष्ट हुने कुरा हुनुपर्छ शायद यसले अलिकति त्यसमा उल्लेख गरेको होला।आर्को निरोगिताको प्रमाणपत्रको कुरा पनि उल्लेख गर्याछ।गुरु, जसले गाडी चलाउँछ उ चाहिँ पहिले नै निरोगिताको प्रमाण(पत्र पेश गरेर रोग, रोगी हुन नहुने अथवा कुनै रोगबाट ग्रशित हुन नहुने भन्ने कुरा त्यहाँ उल्लेख छ त्यो पनि राम्रै विषय लागेको छ मलाई।यस्तै यातायात व्यबस्थापन सम्बन्धी भौतिक पूर्वाधार मन्त्रालयका सचिवको संयोजकत्वमा एउटा समिति गठन गरेको छ,त्यसले अनुगमन त्यसले नियमन गर्ने कुरा काम गर्छ होला मार्गनिर्धारण समिति लगायत के के समिति भनेर त्यहाँ व्यबस्था गरिएको छ त्यसले पक्कै पनि प्रभावकारि भुमिका खेल्छ होला जस्तो लाग्छ।आवागमनलाई नियन्त्रण गर्ने सन्दर्भमा कम्तिमा त्यसको गती के हो, वजन के हो ? त्यसमा चाहिँ यात्रीसंख्या कति राख्नुपर्ने हो ? टिकट लिएर, नलिएर, शिट पुरा भरेर,नभरेर कसरि त्यसलाई ब्यवस्थित गर्ने हो भन्ने बारेमा पनि त्यहाँ ब्यवस्था गरिएको छ।आवागमनलाई सिमित गतिभन्दा असिमित गतिमा जाने, उछिनेर जाने, ओभरटेक गरेर जाने, घटना धैरै घटाउने, दुर्घटना धैरै निम्तिने जुन परम्परा परिस्थिति छ, त्यसलाई नियन्त्रण गर्ने ब्यवस्था समेत त्यहाँ गरिएको छ र विमाको ब्यबस्था, सबै खालको,विमा अब चाहिँ सवारिको

विमा, चालकको विमा, परिचालकको विमा,कर्मचारीको विमा, यात्रीको विमा, सामानको विमा र तेश्रोपक्षको विमा समेत त्यहाँ व्यबस्था गरेको कुरा यो प्रभावकारी हुनुपर्छ। यसलाई कार्यान्वयन राम्रोसँग गर्न सकियो भने यसले राम्रो परिणाम दिन्छ जस्तो मलाई लाग्छ र सवारी चालक र परिचालकको सेवा,सुबिधा र कर सम्बन्धी ब्यवस्था पनि गरेको छ।करको ब्यवस्था मात्रै होईन,त्यसलाई ब्यवस्थित गर्नको निम्ति त्यहाँ उसको चाहिँ परिचालक सम्बन्धी सामाजिक सुरक्षा, चालकहरुको पनि सामाजीक सुरक्षाको आदीको व्यबस्था पनि गरिएको छ। समिति, यातायात व्यबस्थापन समिति आफ्नो ढंगले चल्ने, यातायात व्यबस्थापन समिति नबन्ने, त्यहाँ कुनै नियन्त्रण नहुने,अनुगमन नहुने जुन परिपाटी छ र धेरै दुर्घटना भएर धेरै मान्छेको चाहिँ निधन हुने जुन परिस्थिति छ त्यसलाई नियन्त्रण गर्नको निम्ति, ब्यवस्थीत गर्नको निम्ती बिभिन्न यातायात ब्यबस्थापन समिति, बिभिन्न क्षेत्रमा यातायात ब्यबस्थापन समिति ब्यबस्थित गरिएकोछ, त्यसमा खासगरि यातायात व्यबस्था कार्यालयका प्रमुखको संयोजकत्वमा ति सम्बन्धित क्षेत्र जसको आफ्नो क्षेत्र, कार्यक्षेत्र पर्छ त्यो कार्यक्षेत्रभित्रका व्यक्तिहरु राखेको प्रतिनिधित्व राखेको, यातायात ब्यवस्थापन समिति राखेर त्यसलाई ब्यवस्थित गर्ने पर्यत्न गरिएको छ र सि.डि.ओ.को प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा अस्थायी मार्गदर्शन भाडा निर्धारण समिति भनेर त्यसलाई नियमन गर्ने ब्यवस्थित गर्ने कोशिस गरिएको छ।दण्ड र सजायँको हकमा धेरै दण्ड सजायँ राखियो,यो चाहिँ मजदुरलाई धेरै दण्ड,सजायँ भयो वा अरु क्षेत्रमा धेरै दण्ड,सजायँ असिमित भयो संघले नराखेको कुरो पनि दण्ड सजायँ यहाँ भयो भन्ने आवाज पनि उठेको हामीले सुनेका थियौं तर विधायन समितिले त्यसलाई आवस्यक सरोकारवालाहरुसँग छलफल गरेर सम्बन्धित व्यक्तिहरु सँग छलफल गरेर, मजदुरहरुसँग छलफल गरेर, पर्याप्त छलफल गरेर त्यो दरहरुलाई पनि परिमार्जन गरेको छ, ब्यवस्थित गरेको छ। प्रदेशको आवस्यकता अनुसार त्यसलाई व्यबस्थित गर्ने काम गरेको छ ,म विधायन समितिलाई त्यसमा पनि म धन्यवाद दिन चाहान्छु।यसमा आर्को नौलो

कुरा,नौलो कुरा हाम्ले पनि कतिपय जानकारि नभएको नौलो कुरा यो एउटा चाहिँ जरिवाना अंक,आर्को चाहिँ डिमेरिट अंक, यो नयाँ खालको व्यबस्था, शायद अन्त छ कि छैन, म यो यातायात सम्बन्धी धेरै जानकारि त राख्दिन तर अरु प्रदेशमा यो छैन, यो नयाँ प्रयोग भैराछ भन्ने म जान्दछु, सुन्दछु, त्यसकारण गल्ती गरेपछि सच्चिने एउटा अबसरकोरुपमा एउटा जरिवाना अंक र डिमेरिट अंकको ब्यवस्था गरेको छ। डिमेरिट अंक भन्नाले के रहेछ भने ८ अंक प्राप्त गरेपछि निलम्बन हुने, त्योभन्दा पहिला सम्म निलम्बन नहुने, मौका पाउने, सच्चिने मौका पाउने, १, २, ३, ४, ५, ६, ७ अंक पाउँदा सम्म उसले सच्चिने मौका पाउने भो, धेरै नै गल्ति गरेसि मात्रै उसलाई कारवाही हुने, त्यो परिस्थिति डिमेरिटको हकमा रछ।जरिवानाको कुरामा चाहिँ एउटा गल्ति गऱ्यो भने ५० रुपैयाँ पर्ने गरि इन्टु ५०,एक गल्ति एउटा अंक इन्टु ५०,जरिवाना अंक इन्टु ५० गरेर त्यो ब्यवस्था गरिएको छ,भनेपछि मैले भन्न खोजेको के भने एउटा ब्यबस्थापन, नयाँ ब्यबस्थापन, सवारि साधन र यातायात क्षेत्रमा रहेको अव्यबस्था, अब्यबस्था जुन छ त्यो अब्यवस्थालाई ब्यबस्थित गर्नको निम्ति यो जुन विधेयक आएको छ,पक्कै पनि यसले हाम्रो गण्डकी प्रदेशमा प्रभावकारी भुमिका खेल्नेछ भन्ने मलाई लाग्दछ।हाम्रो चाहिँ के छ एउटा कुरा भने ऐन चाहिँ बन्ने तर थन्किएर बस्ने, कार्यान्वयन नहुने परिस्थिति पनि छ। ऐन बन्ने, थन्किएर बस्ने, कार्यान्वयन नहुने परिस्थिति छ एउटा,कार्यान्वयन भयो कि भएन? त्यसले के परिणाम ल्यायोरु भन्ने कुरामा अनुगमनको पाटो कमजोर छ अनि त्यसको परिणाम नहेर्ने पाटो कमजोर छ,बनाइदिने, छोडिदिने त्यो खालको परिस्थिति छ त्यसकारणले यो ऐन बनिसकेपछि यसको कार्यान्वयन पक्ष, यसको अनुगमनको पक्ष, यसको परिणामको पक्ष, प्रभावकारिताको पक्षलाई हेर्न सकियो भने पक्कै पनि यल्ले एकातिर प्रदेश सरकारलाई र राजश्व संकलनमा सहयोग पुऱ्याऊँछ एकातिर भने हाम्रो आर्थिक परिस्थितिलाई मजबुत बनाउँछ भने आर्कोतिर मजदुरको क्षेत्रलाई प्रभावकारि बनाउने, उनिहरुको हक, हितको अधिकारलाई सुरक्षित गर्ने कुरा, सवारि साधनहरुलाई, यातायातको क्षेत्रलाई

ब्यवस्थित र नियमित गर्ने कुरा, नियमन गर्ने कुरा र आगामि दिनमा जामका कुराहरु, अनावस्यक पार्किङ्गका कुराहरु जथाभावि पार्किङ्गका कुराहरु हटनेछन, जामका कुराहरु हट्नेछन।अहिलेसम्म माननीयहरुले भन्नुभएजस्तै आकासेमार्ग, आकासेपुल,आकासेपुलहरु पनि अब बनाउनुपर्ने आवस्यक मैले पनि देखेको छु।पोखरा चाहिँ टोटल्ली जाम,त्यहाँ कुनै पर्किङ्गको ब्यवस्थापन देख्दिन म।कुनै नयाँ ब्यवस्थित पार्किङ्गको कुरा छैन,सडकमै पार्किङ गर्ने पैसा उठाउने,महानगरले पैसा उठाउने, त्योखालको पार्किङ होइन,अण्डरग्राउण्ड पार्किङ बनाउन पर्‍यो नि नभए ! जथाभावि पार्किङ गर्ने, पैसा उठाउने र कोष जम्मा गर्ने, त्यस्तो कोषको अर्थ हुँदैन, व्यवस्थित पार्किङ हुनुपर्‍यो, महानगर जस्तो ठाउँमा व्यवस्थित पार्किङ हुनुपर्‍यो, जहाँपनि व्यवस्थित पार्किङ हुनुपर्‍यो,हाम्रो महानगरमा यहाँ गण्डकी प्रदेश सरकार र महानगर मिलेर पनि त्यो पार्किङको ब्यबस्था, ब्यवस्थित गर्नुपर्छ भन्ने मलाई लाग्छ। जहाँ गएपनि ठोकिने खालको, बाटै नपाउने खालको जुन पार्किङ छ, यसले काठमाण्डौलाई पनि जाममा जितेर अगाडी जाला कि!जस्तो धुवाँ, धूलो र गलत खालको पार्किङ, जामका कुराहरु अगाडी बढ्लान कि जस्तो आशंका पनि छ ति कुराहरुलाई हटाएर अब यो ऐन बनिसकेपछि प्रभावकारि रुपमा अगाडि जानेछ, नियमन , अनुगमन हुनेछ र यसले राम्रो परिणाम ल्याउनेछ भन्ने कुरा मलाई लाग्दछ म मेरो तर्फ बाट,मेरो दलको तर्फ बाट यो विधेयक, गण्डकी सरकारले ल्याएको विधेयक पर्ति म हार्दिक समर्थन व्यक्त गर्न चाहान्छु र आगामि दिनमा यसको राम्रो परिणाम हुनेछ भन्ने विश्वास गर्न चाहान्छु। अन्तमा, मेरो दल नेपाल कम्यूनिष्ट पार्टी नेकपा गण्डकी प्रदेशको संसदीय दलको तर्फ बाट बिजया दशमी, नजिक आईरहेको बिजया दशमी,शुभ दिपावली,छठ र नेपाल संवतको सन्दर्भमा सबैलाई माननीय सदस्यहरु लगायत सम्पुर्ण गण्डकीवासी अथवा नेपाली दाजुभाई, दिदीबहिनी सबैलाई हार्दीक शुभकामना मात्र होईन, सुस्वास्थ्य,दिर्घायु र प्रगतिको समेत कामना गर्दै मेरो भनाई अन्त्य गर्दछु। धन्यवाद !

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म, माननीय भौतिक पूर्वाधार विकास मन्त्री श्री रामशरण बस्नेतलाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

**माननीय भौतिक पूर्वाधार विकास मन्त्री श्री रामशरण बस्नेत**

माननीय सभामुख महोदय, प्रदेश सवारी तथा यातायात सम्बन्धी विधेयक, ब्यवस्था गर्न बनेको विधेयक २०७५ का सन्दर्भमा जुन माननीयज्युहरुले भाग लिनुभयो, म सबभन्दा पहिला त सभामुख मार्फत ४ जना माननीयज्युप्रति आभार व्यक्त गर्न चाहान्छु, धन्यवाद दिन चाहान्छु र यो विधेयकका बारेमा केही कुराहरु उठेका छन र ती कुरा राख्न चाहिँ चाहान्छु।सबभन्दा पहिला त यो विधेयकको विशेषता नै सर्वसाधारण नागरिकलाई सरल एवं सुलभ ढंगबाट यातायात सुबिधा उपलव्ध गराउने, यातायात सेवालाई सुदृढ,सक्षम र प्रभावकारि बनाउने,सवारि दुर्घटनाको रोकथाम गर्ने,दुर्घटनावाट पिडित पक्षलाई क्षतिपूर्ति दिलाउने, विमाको ब्यवस्था गर्ने, सवारि साधन करको रकम असुलउपर गर्ने, कार्यप्रणालीलाई ब्यवस्थित चाहिँ गर्ने यस विधेयकको चाहिँ विशेषता हो र यो विधेयकको १३ परिच्छेद, २२१ दफा र ८ अनुसूचीमा चाहिँ यो विधेयक रहेकोछ र यो परिच्छेद १ मा दफा १ देखि २ सम्म छ। यसले चाहिँ प्रारम्भिक, संक्षिप्त नाम र परिभाषा गरेको छ। परिच्छेद २ मा सवारीको वर्गिकरण दफा ३ देखि १७ सम्म चाहीँ गरेकोछ। परिच्छेद ३ मा सवारि साधन दर्ता सम्बन्धी व्यबस्था दफा १८ देखि ४८ सम्म चाहिँ गरेको छ। परिच्छेद ४ मा चालक अनुमति पत्र सम्बन्धी व्यबस्था छ,यो चाहिँ दफा ४९ देखि ६८ सम्म छ र त्यस्तै गरि परिच्छेद ५ परिचालक हनुमति पत्र सम्बन्धी व्यबस्था दफा ६९ देखि ७८ सम्म छ। परिच्छेद ६ मा यातायात ब्यबस्था छ र त्यो चाहिँ दफा ७१ देखि १२८ सम्म छ। यसमा चाहिँ प्रदेशभर अब मार्गहरु निर्धारण गर्ने गरि भौतिक पूर्वाधार सचिवकै संयोजकत्वमा ८ सदस्यीय एउटा कमिटी चाहिँ बनाईएको छ र यसले चाहिँ यातायात व्यबस्था सम्पूर्ण प्रदेशभरिको यातायात ब्यवस्थाको

चाहिँ काम चाहिँ गर्छ।त्यस्तै गरि परिच्छेद ७ आगमन नियन्त्रण दफा १२९ देखि १६५ सम्म चाहिँ त्यो ब्यवस्था गरिएकोछ, भने परिच्छेद ८ मा विमा सम्बन्धी व्यबस्था १६६ देखि १७१ सम्म चाहिँ राखिएको छ।त्यसै गरि परिच्छेद ९ मा सवारि चालक,परिचालकको सेवा, सुबिधा तथा सवारि साधन करको ब्यबस्था गरियाछ यो चाहिँ दफा १७२ देखि १८३ सम्म चाहिँ छ। परिच्छेद १० मा समिति तथा काम, कर्तव्य र अधिकार चाहिँ एउटा समिति गठन गरिएकोछ त्यो समितिले चाहिँ जुन अस्थायी प्रकृतिका मार्गहरु चाहिँ निर्धारण गर्छ,त्यो सि।डि।ओ।को अध्यक्षतामा चाहिँ ५ सदस्यीय एउटा कमिटी चाहिँ बनाईएकोछ र अब सवारि सञ्चालन गर्ने सन्दर्भमा कतिपय अब लापर्वाहीका कारण सजायँ सम्बन्धी व्यबस्था पनि अब यो विधेयकमा चाहिँ गरिएकोछ। परिच्छेद ११ मा त्यो व्यबस्था गरियाछ भने १९४ देखि १९९ सम्म त्यो दफामा चाहिँ ति सजायँहरुका चाहिँ ब्यवस्था गरिएकोछ। परिच्छेद १२ मा प्रदेशको सार्वजनिक यातायात सञ्चालन सम्बन्धी दफा २०० मा उल्लेख गरियाछ भने परिच्छेद १३ मा बिबिध दफाहरु २०१ देखि २२१ सम्म राखेर चाहिँ सबै एउटा चाहिँ ब्यवस्थित गरिएकोछ।यो विधेयकमा ८ वटा अनुसूचीहरु छन ति अनुसूचीहरुमा १ मा चाहिँ सवारी वर्गिकरणको अनुसूची राखिएकोछ २ मा सवारीको चाहिँ ईन्भोष्ट नम्बर प्लेटको ब्यवस्था गरियाछ ३ अनुसूचीमा सवारि दर्ता प्रमाण(पत्रको ढाँचाको ब्यवस्था गरियाछ। ४ मा अस्थायी दर्ता नम्बरको प्रमाण(पत्रको चाहिँ ढाँचाको ब्यवस्था गरियाछ त्यसैगरि सवारीचालक अनुमति(पत्रको ढाँचा ५ मा गरिएकोछ।६ मा सवारि परिचालक अनुमति(पत्रको ढाँचा छ, ७ मा चाहिँ मार्ग इजाजत(पत्रको ढाँचा र ८ मा यातायात सेवा सञ्चालन गर्ने अनुमतिको ढाँचाको ब्यवस्था गरेर यो विधेयकलाई पूर्णता दिएको छ र अहिले केहि कुराहरु यहाँ चाहिँ ति अब उठेका छन,मलाई लाग्छ त्यस्तो उत्तरै दिनुपर्ने कुराहरु चाहिँ अब आईरहेको छैन, समग्रमा विधेयक चाहिँ राम्रो छ नै छ भन्ने कुरा नै माननीयज्युहरु बाट आकोछ मलाई चाहिँ लाग्छ यो विधेयक अत्यन्तै अलिकति ढिलो आयो भन्ने कुरा हो तर व्यापक छलफलपछि चाहिँ यो यल्लाई चाहिँ पूर्णता दिएर चाहिँ आएको हो।त्यसो भको

कारणले गर्दाखेरि पनि यहाँ मजदुरका बारेमा, मजदुर प्रतिनिधीहरुसँग पनि पटकपटक चाहिँ अब हामी बसेर अब छलफल हामीले नै मन्त्रालयको तर्फबाट पनि गर्‍यौं ,जहाँसम्म केही ६४ मा निलम्बन यो चालक अनुमतिपत्रको निलम्बन गर्ने जुन ब्यवस्था छ ६४ ९१० "क" मा त्यसको बारेमा चाहिँ अब मलाई लाग्छ हामी मजदुर साथीहरु सँग पनि बसेर चाहिँ छलफल गरिएको हो र ६५(२) मा लापर्वाहीलाई मनाशयमा चाहिँ राख्ने कि भन्दा सवारि चालकहरुले अब दुर्घटना गर्ने भनेकै लापर्वाहीकै कारणले हो। लापर्वाहीकै कारणले भको कारणले गर्दा त्यो शव्द चाहीँ त्यहाँ ब्यवस्था गरिएको हो र मलाई लाग्छ यातायात सम्बन्धी धेरै जटिलताहरु छन,धेरै व्यबस्थापन गर्नुपर्नेछ, काहिँ अब आकासेपुल चाहीएको छ काहिँ खाल्टाहरु पुर्नुपर्नेछ, पिचहरु सबै अब सबै ठाउँमा चाहिँ बनाउनु पर्नेछ, बत्तीहरु राख्नपर्नेछ, यि जटिलताहरु चाहीँ थुप्रैछ।त्यहि भको कारणले पनि यो सडकको सन्दर्भमा हामीले उठाउने राजश्व भन्दा पनि सडकको सन्दर्भमा प्रदेश सरकारले धेरै लगानी चाहिँ अब यो यातायातको क्षेत्रमा चाहिँ गरिराकोछ,मैले त्यो कुरो चाहिँ बताउनुपर्ला भन्ने चाहिँ लाग्दैन र त्यसो भको कारणले गर्दाखेरि अब यो विधेयक हामीले छलफल र बहस पछी अब यसलाई चाहिँ नकै परिमार्जित गरेर विधायन समितिले अझ चाहिँ ल्याको छ र हामीले पहिला अब प्रस्तुत गरेको भन्दा पनि अझ सजायँका कुराहरुमा केही कटौतीहरु चाहिँ भकाछन र ती कटौती भका कुराले पनि के संकेत गर्छ भने यो विधेयक चाहिँ व्यापक छलफलपछि चाहीँ आको विधेयक हो भनेर प्रमाणित चाहिँ गर्न सकिन्छ, त्यसोभको कारणले गर्दा मैले ठ्याक्कै उत्तरै दिने गरि केही प्रश्नहरु नभएतापनि मैले यो यातायातको क्षेत्रमा हामीले चाहिँ धेरै अब सुधार गर्नुपर्नेछ, त्यो सुधार गर्ने कुरामा प्रदेश सरकार पनि भोलिका दिनमा तत्परता चाहीँ देखाउँछ यिनै कुरा भन्दै म आफ्नो भनाई चाहिँ यहिँ टुङ्ग्याउँछु। हस, धन्यवाद !

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो छलफल यहीं समाप्त हुन्छ ।

अब म “प्रदेश सवारी तथा यातायात सम्बन्धी व्यवस्था गर्न बनेको बिधेयक” का सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संशोधनको क्रमसंख्या १ देखि ८८ सम्म उल्लिखित संशोधनलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोस् ।
यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोस् ।
“हुन्न” भन्ने आवाज सुनिएन, तसर्थ “प्रदेश सवारी तथा यातायात सम्बन्धी व्यवस्था गर्न बनेको बिधेयक” का सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संशोधनको क्रमसंख्या १ देखि ८८ सम्म उल्लिखित संशोधन सर्वसम्मतिले स्वीकृति भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब म, “प्रदेश सवारी तथा यातायात सम्बन्धी व्यवस्था गर्न बनेको बिधेयक” का सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संशोधनको क्रमसंख्या १ देखि ८८ सम्म उल्लिखित संशोधन “प्रदेश सवारी तथा यातायात सम्बन्धी व्यवस्था गर्न बनेको बिधेयक”को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोस् ।
यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोस् ।
“हुन्न” भन्ने आवाज सुनिएन, तसर्थ “प्रदेश सवारी तथा यातायात सम्बन्धी व्यवस्था गर्न बनेको बिधेयक” का सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संशोधनको क्रमसंख्या १ देखि ८८ सम्म उल्लेखित संशोधन सर्वसम्मतिले “प्रदेश सवारी तथा यातायात सम्बन्धी व्यवस्था गर्न बनेको बिधेयक” को अंग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब म विधेयकको दफा १ देखि २२१ सम्म र अनुसूची "प्रदेश सवारी तथा यातायात सम्बन्धी व्यवस्था गर्न बनेको बिधेयक" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन, तसर्थ विधेयकको दफा १ देखि २२१ सम्म र अनुसूची सर्वसम्मतिले "प्रदेश सवारी तथा यातायात सम्बन्धी व्यवस्था गर्न बनेको बिधेयक" को अंग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

**प्रस्तावनाः-** सर्वसाधारण नागरिकलाई सरल एवं सुलभ ढंगबाट यातायात सुबिधा उपलब्ध गराउन, यातायात सेवालाई सुदृढ, सक्षम तथा प्रभावकारी बनाउन, सवारी दुर्घटनाको रोकथाम गर्न, दुर्घटनाबाट पिडित पक्षलाई क्षतिपूर्ति दिलाउन, बीमा व्यवस्था गर्न तथा सवारी साधन करको रकम असुल उपर गर्ने कार्यप्रणालीलाई व्यवस्थित गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकोले, गण्डकी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

**संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६" रहेको छ ।

२० यो ऐन तुरुन्त  प्रारम्भ हुनेछ ।

अब म विधेयकको प्रस्तावना र नाम "प्रदेश सवारी तथा यातायात सम्बन्धी व्यवस्था गर्न बनेको बिधेयक" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको

विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोस् ।
यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोस् ।
“हुन्न” भन्ने आवाज सुनिएन, तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले “प्रदेश सवारी तथा यातायात सम्बन्धी व्यवस्था गर्न बनेको बिधेयक” को अंग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब म माननीय भौतिक पूर्वाधार विकास मन्त्री श्री रामशरण बस्नेतलाई “प्रदेश सवारी तथा यातायात सम्बन्धी व्यवस्था गर्न बनेको बिधेयक” पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय भौतिक पूर्वाधार विकास मन्त्री श्री रामशरण बस्नेत**

माननीय सभामुख महोदय,सम्मानित सभामा मिति २०७५ साल माघ ८ गते बसेको बैठकमा प्रस्तुत भै दफावार छलफलको लागि विधायन समितिमा पठाईएकोमा समिति बाट प्रतिवेदन सहित प्राप्त भएको“प्रदेश सवारी तथा यातायात सम्बन्धी व्यवस्था गर्न बनेको बिधेयक” प्रदेश सभा नियमावली २०७४ को नियम १२२ बमोजिम बिधायन समितिको प्रतिवेदन सहित विधेयक पारित गरियोस भनि प्रस्ताव प्रस्तुत गर्छु।धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म, उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोस् ।
यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोस् ।
“हुन्न” भन्ने आवाज सुनिएन, तसर्थ “प्रदेश सवारी तथा यातायात सम्बन्धी

व्यवस्था गर्न बनेको बिधेयक" सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु अब म, माननीय प्रदेश सभा सदस्य श्री हरिशरण आचार्यलाई सभालाई सम्बोधन गर्न समय उपलब्ध गराउँछु ।

**माननीय प्रदेश सभा सदस्य श्री हरिशरण आचार्य**

माननीय सभामुखज्यु, हामी लगभग बैशाख देखी होला हामी यो अधिवेशन अगाडी बढाईराखेका छौं, यो अधिवेशन अहिलेसम्म आउँदाखेरि यसलाई वर्षे अधिवेशन भनेपनि अथवा वजेट अधिवेशन भनेपनि, जे भनेपनि यो एउटा अधिवेशन यो संसदको सम्मानित सदनमा हामी गर्दै गर्दा अथवा यहाँ सहभागि हुँदै गर्दाखेरि हाम्रा आ(आफ्ना अनुभूतिहरु, आ(आफ्ना बुझाईहरु, आ(आफ्ना कोणहरु र जोडहरु हुने कुरा त्यो स्वभाविक पनि छन।कहिँ कतै दलीय स्वार्थ पनि होला,कहिँ कतै व्यक्तिगत आफ्ना आकांक्षा र चाहनाहरु पनि होलान तर मुलुकको स्वार्थ सबैभन्दा प्रमुख चिज हो र मुलुक कसरि बनाउने र यो मुलुकलाई सम्बृद्ध कसरि बनाउने र बिकसित कसरि बनाउने भन्ने कुरा हामी सबैको एउटा दायित्व र कर्तव्य हो त्यो भूमिका प्रति हामी कति जिम्मेवार बन्यौं, शायद हामीले समिक्षा गर्ने, हामीले बोल्ने, हामीले अभिव्यक्त गर्ने विषयवस्तु त्यो हो जस्तो मलाई लाग्छ।त्यसैले हामीले आगामी दिनमा जसरी अहिलेको यो बिचको हामिले सदनलाई अगाडि बढायौं र यो सदनका विचका हाम्रा भूमिकाहरु रहे, ती सबै चिजहरु आगामी दिनका एउटा पाठ र एउटा शिक्षा हाम्रा लागि हुनेछन,मेरो अनुभूति यहाँनेर छ।आज हामीले यो विचमा केही विधेयकहरु आवस्यकताले बनायौं होला,केही विधेयकहरु सरकारको वाध्यताले बनायौं होला अथवा केही विधेयकहरु अब्जेक्शन हुँदाहुँदै पास भए होलान, ती सबै कुराहरु आफ्ना ठाउँमा छ। यो विचमा सरकारले नीति तथा कार्यक्रम पेस गरेको छ, त्यो नीति तथा कार्यक्रमले हामीलाई एउटा सन्देश दिएकोछ।यो सुखी र सम्वृद्ध नेपाल बनाउने कुरा अनि नेपाली जनताको चाहना र विश्वासलाई एकपटक हृदय बाट स्पर्श गर्ने कुरा अनि नेपाली जनतालाई एउटा नयाँ विश्वास

दिलाउने कुरा त्यति सहज छैन।त्यति सजिलो पनि छैन र राजनितिकरुपमा ठुलो परिवर्तन पछाडि जनताले जुन विश्वास र जुन अपेक्षा गरिराखेकोछ, त्यो अपेक्षा हिजो आजसम्म त्यो जनताले प्रत्यक्षरुपमा आँफुले पुरा भएको अथवा पुरा हुने संकेतको त्यो अनुभूत गर्न पाएको मैले बुझेको छैन।होला, यी बिषयवस्तुहरु हामी घोषणा, हाम्रा कार्यक्रम र अथवा त्यसलाई कार्यान्वयनमा लैजाँदाखेरि हामी ठुलै गफ गरौंला तर त्यसको रिजल्टको हिसाबले हेर्ने हो भने हामीले रिजल्टमा त्यसलाई तुलना गर्ने हो भने हिजो र आज अनि भोलीको संकेत त्यति हाम्रो सुखद देखिन्न र आज हामी सुखी नेपाली र संबृद्ध नेपालको विषयबस्तु हामी एकपटक गम्भीरताका साथ सोचौं र भविष्य तुलना गरौं र यसो भन्दै गर्दा आज हामी जेजति काम गरिराखेका छौं संसदको नियमित काम कारवाहीलाई जेनतेन धान्नेभन्दा बाहेक अरु धेरै कुरा भएको छैन। हामी जे गरिराखेका छौं,कहिले सरकारले विधेयक पठाईदेला र हामी त्यो संसदमा चाहिँ छलफल गरेर फेरि त्यो संसदबाट चाहिँ त्यो विधेयक पास होला र त्यसमा अब्जेक्शन आउला अथवा जे भएपनि छलफल चलाउँला ! यो विषयबस्तु हामी कुर्दैकुर्दै बस्नुपर्ने अनि सरकार उताबाट कुन ढोका बाट कतिबेला विधेयक ल्याउनुपर्ने हो त्यो आवस्यकता र वाध्यता अथवा त्यो परिस्थितिजन्य विषयबस्तुहरुलाई सरकारले त्यति गम्भिरतापुर्वक नलिने यो बिचका विषयवस्तुहरु मैले अनुभूत गरेको छु। साँच्चै यो बिचमा हामीले यो पनि अनुभूति गर्‍यौं कि ! सरकार र सदन अथवा सरकार र संसद त्यसको बिचको अन्तरसम्बन्ध के हो भन्ने कुरा साँच्चै हामीले मिठो गरि बुझ्न पाएनौं। सरकारले एकापट्टी संसदलाई आफ्नो अधिकारक्षेत्र भित्रको बुझाईमा लैजाने अनि संसदले फेरि पहलकदमि लिएर सरकारसँग यो संसदलाई नियमित र निरन्तरतामा लगिराख्नका निमित्त कतिपय विषयवस्तुहरुमा पहलकदमि पुर्‍याउन नसक्नु यो बिचको अन्तरविरोधहरु देखापरेको मैले अनुभूत गरेकोछु किनभने हामी कार्यव्यबस्थामा सँगै बस्दाखेरि र त्यहाँ छलफल चल्दाखेरि र सरकार र संसदबिचका कतिपय अहिलेपनि १,२ वटा विधेयकहरु त्यही सरकार र चाहिँ संसदको बिचको अन्तरबिरोधका कारणले

अडकिराखेका छन।यो बिषयवस्तु हाम्रो प्रत्यक्ष अनुभूतका विषयवस्तुहरु हुन।त्यसैले साँच्चै सरकार र संसद भन्ने चिज फरक फरक र स्वायत्त चिज हुन र संसद र सरकार यो बिचका आ(आफ्ना अधिकार क्षेत्रभित्रका कुरा हुन भन्ने कुरा शायद सरकारले पनि बुझ्न जरुरी छ र संसदले पनि यो कुरालाई पहलकदमीका साथ सरकारलाई हामीले निर्देशित गर्नुपर्छ भन्ने कुराको कुनै एउटा पार्टिविशेष दलविशेष मात्रै भन्दापनि त्यल्लाई निर्देशन गर्नसक्ने त्यो अधिकारक्षेत्र भित्र रहेर काम कार्यान्वयन गर्नसक्ने यो बिधीको विकास गर्न जरुरी छ, आगामी दिन सुखद बनोस् मैले यो चाहान्छु र साँच्चै यो बिचमा हामीले सरकारको कतिपय काम कारवाहीहरु अनि हाम्रा अनुभूतिहरु यसो हेर्दै गर्दाखेरि बजेट बनाउने र मैले यति वजेट पारें र मैले यसो गरें भन्ने कुराको गौरव गर्नेभन्दा बाहेक अथवा त्यो बजेट यहाँनेर पऱ्यो भनेर चाहिँ खुसिको कुरा सुनाउँने एउटा पेपर पढेर सुनाउने भन्दाबाहेक कार्यान्वयनको पाटो कमजोर बनेको छ।अहिलेसम्म हामी सरकारसँग के अपिल गरिराखेका छौं भने जनशक्ति जनशक्ति अपुग छ र जनशक्तिको कारणले गर्दाखेरि योजनाहरु कार्यान्वयन हुनसकेका छैनन भन्ने कुरा बारम्बार भन्दैपनि गर्ने र केन्द्र सरकारसँग पहलकदमी लिएर केन्द्र सरकारसँग चाहिँ एउटा अपिल गरेर अथवा त्यसको सहकार्य र समन्वय गरेर चाहिँ फेरि चाहिँ जनशक्तिलाई चाहिँ केन्द्रित गर्नसक्ने खालको एउटा चाहिँ आधारमा सरकार अगाडि बढेको देखिन्न।त्यसोभएको कारणले अहिले योजनाहरु, धेरै योजनाहरु अलपत्र छन।बजेट पऱ्यो खुसि छौं, वजेट पऱ्यो त्यल्लाई कार्यान्वयन गर्ने अपेक्षा गर्छौं तर त्यो वजेटलाई कार्यान्वयन नहुँदाखेरि फेरि निराशा आखिर निधार खुम्च्याउने भन्दा बाहेक अर्को के हुन्छ त्योरु त्यसोभएको कारणले यो विषयवस्तु पनि आगामी दिनमा हामिले सोचनीय र गम्भिरताका साथ लिनुपर्ने जरुरी छ।आन्तरिक भ्रमण वर्षकोरुपमा हामी २०१९ लाई लिईराखेका छौं। अहिले हामी भरखरै मात्रै २०१९ आएछ कि ! भन्ने जस्तो अस्ती उद्योग,वन,पर्यटन मन्त्रालयको प्राङगणमा हामीले एउटा कार्यक्रम हेर्ने अवसर पायौं, जे होस भरखरै आएपनि त्यो सुखद छ तर यस्ता कार्यक्रमका प्रचार प्रशारदेखि लिएर सबै

सांसदहरुलाई त्यसमा परिचालन गर्नेदेखि लिएर स्थानीय तहदेखि लिएर सबै तहलाई चाहिँ त्यसमा आ(आफ्नो जिम्मेवारिलाई विभाजन गर्ने कुरा देखि लिएर त्यो विषयवस्तु प्रति सबै जनप्रतिनिधिहरुप्रति सरकार विश्वस्त बनेको मैले देख्दिन।यो कुरामा कम्तिमा त्यसको जिम्मेवारि त होला १ यो राष्ट्रप्रति केही न केही जिम्मा लिएर जनताले त्यसको प्रतिनिधित्व गरेर पठाएको त होला रु त्यो कुरालाई कम्तिमा सबैप्रति विश्वास गरेर यो भ्रमण वर्ष साझा भ्रमण वर्ष हो भन्ने कुरा सरकारले किन अभिव्यक्त गर्न सकिराखेको छैनरु किन त्यसको दृष्टान्त दिन सकिराखेको छैन, म सबभन्दा अगाडी सरकारसँग कोईशन गर्न चाहान्छु किनभने हामीले प्रत्यक्षरुपमा त्यो भ्रमण वर्षको रियालिटीमा अनुरोध मतलब त्यस्तो खालको अनुभूती गर्न पाएका छैनौं।के छ, फिल्डमा के छरु कहाँनेर त्यसको बोर्ड टाँसिएको छ, कहाँनेर चाहिँ अहिले यसो हेर्छु मैले गण्डकी प्रदेशका कतिपय सरकारी गाडिहरुमा त्यसको स्टीकर टाँसिएको छ। दू:खको कुरा,त्यो सरकारी गाडीहरुमा मात्रै स्टीकर सरकारका मन्त्रीहरु अथवा कर्मचारी साथीहरुले मात्रै त्यो चाहिँ स्टीकर टाँस्ने र चाहिँ त्यसैमा मात्रै भ्रमण वर्ष रमाउने हो भने मेरो भन्नु केही छैन तर भ्रमण वर्ष हामी सबैको साझा हो नि१ यो मुलुक हामी सबैको साझा हो नि ! यो मुलुकप्रतिको जिम्मेवारी त हामीप्रतिको पनि होला नि त ! तर त्यो विषयवस्तु आज दलीय हिसाबले अनि त्यस पछाडी सबै सांसद देखि लिएर कर्मचारी चाहिँ देखि लिएर चाहिँ सबै जनप्रतिनिधीहरुलाई चाहिँ एकैसाथ परिचालन गर्ने आगामी दिन जतिबेलासम्म योजना आउँदैन भ्रमण वर्ष कथा र हाष्यको पात्र भन्दा बाहेक अरु केही बन्नेवाला छैन। त्यसो भएको कारणले म विशेष अनुरोध गर्न चाहान्छु सरकारसँग।चिन्ताका साथ विरोध मात्रै होईन, हामी विरोध गर्ने मात्रै पात्र पनि होईन, हामीले चाहिँ चिन्ताका साथ यो भ्रमण वर्ष सफल बनायौं भने आर्थिक विकास संवृद्धि हाम्रो निमित्त नजिक छ र् त्यो हामी प्राप्त गर्न सक्छौं। त्यो प्राप्त गर्दा त चाहिँ सरकारका प्रतिनिधीहरुले मात्रै प्राप्त गर्ने हैनहोला, हामीले पनि त प्राप्त गर्छौं हामीले पनि त चाहिँ ति सबै आम जनसमूदायसँग चाहिँ सहकार्य र खुसी साट्नसक्ने एउटा आधार बन्छ होला नि त ! त्यो दिशाबाट

मैले अलिकति चिन्ताका साथ यो विषयवस्तु केन्द्रित गरिराखेको छु र हामी कतिपय योजना र छनोटका विषयवस्तुहरु जुन ढंगले चाहिँ गरिराखेको छौं, योजना र छनौट कार्यक्रमहरु छनौट गर्दाखेरि पनि अन्तर्विरोधी र विवादास्पद बनिराखेका छन। के कारणले हामी त्यो विवादास्पद बनाउदैछौं,के कारणले अन्तर्विरोधी बनाउँदैछौं। हामी आज केन्द्र सरकार , प्रदेश सरकार र चाहिँ स्थानीय तहको बिचको तारतम्य र चाहिँ त्यसको सहकार्य एउटा चाहिँ त्यो बिचको एउटा चाहिँ सम्बन्धको विकास गर्ने योजनाका साथ हामी किन चाहिँ योजनाहरुलाई कार्यक्रमहरुलाई चाहिँ विन्यास गर्न सक्दैनौंरु आज स्थानीय तहले के कार्यक्रम गर्दैछ र चाहीँ केन्द्रले के गर्दैछ भन्ने कुराको त्यसको सहकार्य र चाहिँ सम्बन्धको रुपमा विकास गरेर हामीले त्यसलाई स्पष्टरुपमा जवाफ दिनसक्ने किन बन्दैनौं यो पनि हाम्रो यो बिचको अलिकति तीतो अनुभूति रहेको मैले पाएकोछु।यो कारण आज स्थानीय तह र प्रदेश सरकारको बिचमा अथवा केन्द्र सरकारको बिचमा सम्बन्ध त्यति मिठो बन्न सकेको छैन।फलस्वरुप संघीयताविरोधी गित गाउनेहरुलाई,संघीयता भाँडमा परोस र यो मुलुक पनि सब नेपाली जनता फेरि भाँडमा जाउन भन्ने त्यो चाहना बनाउनेहरुलाई यसले मलजल गरेको मैले सूचना प्राप्त गरेको छु।साँच्चै संघीयता हाम्रो निमित्त हामीले धेरै ठुलो संघर्ष गरेर धैरै ठुलो लडाईं लडेर प्राप्त गरेको चिज हो, आज त्यो संघीयतालाई हामीले टिकाउनु हाम्रो अस्तित्व र हाम्रो चाहिँ एउटा जिवनको कुरा छ।हामीले यसलाई जतिबेला सम्म त्यसको रक्षाका निमित्त निरन्तर एउटा लड्नसक्ने एउटा तागत पैदा गर्नसक्दैनौं त्यतिबेला सम्म संघीयता हामीले चाहिँ कथामात्रै गाएर कथामात्रै भँनेर चाहिँ हामीले वाचन गरेर मात्रै त्यो संघीयता टिक्नेवाला छैन। हामीले कार्यान्वयनको पाटोमा आज केन्द्र सरकार आफु हिजो नारायणहिटीको अधिकार चाहिँ सिंहदरवार सारेभन्दा फरक केही भएको छैन, अनि उसले अधिकारलाई चाहिँ तल कहिल्यै दिन नचाहने अनि विकेन्द्रित आखिर संघीयता भन्या त विकेन्द्रित एउटा राज्यप्रणाली होला नि त ! अधिकार तलभन्दा तल प्रत्यायोजन गरेर जनताको घरघरमा सिंहदरवार

पुऱ्याउने एउटा अनुभूति गराउने एउटा अर्को एउटा राज्यप्रणाली होला नि त ! त्यो राज्यप्रणालीलाई हामीले साँच्चै संघीयताको एउटा नयँ मर्मका साथ बुझाउने हो भने एकपटक प्रदेश सरकार धेरै लचिलो भएर स्थानीय तहमा अथवा तल भन्दा तलसम्म अधिकारलाई बिकेन्द्रित गर्नका निमित्त अगाडी बढ्नुपर्छ अनि केन्द्र सरकारले बल्ल तपाईंहरुले ठिक गर्नुभो भन्ने एउटा अनुभूत गराउँदाखेरि केन्द्र सरकार पनि अलि लचिलो भएर आउँछ कि ! तर मैले अहिलेसम्म हेर्दाखेरि केन्द्र सरकार पनि टसकोमस नहुने अनि प्रदेश सरकार पनि टसकोमस नहुने यो परिस्थीतिको बिचबाट अन्तरविरोधै अन्तरविरोधको बिचबाट संघीयता गुज्रेको छ यो संघीयता धरापमा पर्दैछ।बिचार गरौं हामीले, आगामी दिन संघीयता सिद्धियो भने हामी यो हलमा बस्ने अधिकांशको राजनितिक एजेण्डा पनि सिद्धिन्छ।यतिबेला हाम्रो पनि जिवन सिद्धिन्छ। यसोभन्दै गर्दा हामी चिन्ताका साथ यो संघीय राज्यप्रणालीको अथवा यो जनताको चाहिँ जुन सेवा,सुबिधा अथवा जनतालाई चाहिँ पहुँचमा अधिकार दिने कुरा यो बिषयवस्तुसँग केन्द्रित छ त्यसोभको कारणले संघीयतालाई रक्षाका निमित्त हामी एकपटक फेरि पनि पुन: गम्भीर बनौं। मैले यो बिचमा अनुभूत गरेका बिषयवस्तु यहाँनेर छ।साँच्चै हामी जिल्ला समन्वय समितिका कतिपय साथीहरुले भन्ने गर्नुहुन्छ,हामीलाई पाँचलाख,पचास लाख दिने भनेर ढाडस दिईयो,अनि पाँच लाख दिने भनेर फेरि घोषणा गरियो यो प्रकारको एउटा अन्तरविरोधको बिचबाट फेरि सरकार अलिकति विवादित बनेको छ।यसमा अलिकति सरकारले आगामि दिनमा जे बोल्ने हो, त्यो गर्ने कुराको सुनिश्चित गरोस्, मेरो आग्रह यहाँनेर छ। हामी आर्थिक विकास र संवृद्धिको योजना अगाडि सारिराखेका छौं, आर्थिक विकास र संवृद्धिको योजना अगाडि सार्दैगर्दा सरकारसँग योजना के छ? अहिले मैले यसो हेर्दै गर्छु,हामीले देखिराखेका छौं, खानेपानीको कुरा सरकारले हामी २ वर्षसम्ममा आधारभूत खानेपानी १ घर १ धारो जनताको घरमा पुऱ्याउँछौं भन्ने एउटा गौरबपूर्ण एउटा चाहिँ घोषणा गरेको छ, म सम्मान गर्न चाहान्छु तर यो घोषणालाई कार्यान्वयन गर्न त्यति सजिलो छैन।सबै तह र तप्काहरुलाई चाहिँ परिचलन ठिक ढंगले नगर्दा अथवा यसको

कार्यान्वयन ठिक बेलामा, ठिक समयमा हामीले गर्न नसक्दा यो त्यति सजिलो छैन, त्यति सहज पनि छैन, त्यसोभएको कारणले घोषणालाई गौरब मान्ने तर कार्यान्वयनलाई लथालिङ्ग बनाउने यो प्रकारको प्रवृति पनि आगामी दिन नरहोस्। म अनुरोध गर्न चाहान्छु सरकारसँग, विशेष अनुरोध गर्न चाहान्छु कि ! आज आर्थिक बिकास र संवृद्धीको योजना बनाउँदै गर्दा म सरकारको ध्यानाकर्षण पटकपटक मैले गरिराखेको छु,सबभन्दा अगाडि एकपटक सरकारले त्यो पोखरा सभागृह एकपटक राम्रोसँग बनाईदिएर, त्यहाँ बाट सुरुवात गर्नुस आर्थीक बिकास र संवृद्धिको सपना ! म अनुरोध गर्न चाहान्छु किनभने पोखरा सभागृह एउटा मात्र सभागृह छ त्यल्लाई पुरानो,हामी नयाँ त बनाउन सकेनौं तर त्यो पुरानोको मर्मत गरेर कम्तिमा राम्रो चिटिक्क त बनाईदिउँ।यहाँहरुले पनि त कार्यक्रम गरिराख्नुभएको मैले त्यहाँ देखेको छु। त्यस्तो लथालिङ्ग, यो मुलुकको संवृद्धी त्यहाँ कसरि साट्न सक्नुहुन्छ? कसरि संवृद्धीको भाषण गर्न सक्नुहुन्छ, त्यही हलमा उभिएर ! म अनुरोध गर्न चाहान्छु, त्यसैले यो बिषयवस्तु म सरकारसँग अल्टिमेटमली भन्न चाहान्छु।यो बिषयवस्तु छिटोभन्दा छिटो एउटा निकासमा पुगोस म अनुरोध गर्न चाहान्छु र संवृद्धिको भाषण त्यो हलमा उभिएर गर्दाखेरि कम्तिमा अलिकति आनन्द आउने बनोस्।आज नेपालको राजनितिक घटनाक्रम अलि नयाँढंगले वदलिएको छ।हिजोका उत्पिडित शक्तिहरु एक हुँदै जाने र उत्पिडक र आफ्नो संस्कार र आफ्नो राजनितिलाई बदल्न नसक्नेहरु अर्कोतिर पाखा लाग्दै जाने यो प्रकारको अर्को राजनितिक घटनाक्रमहरु बिकास भएको छ।यसो हेर्दाखेरि राजनितिले हामीलाई एउटा यस्तो नयाँ ठाउँमा पुऱ्याउँदैछ, मैले यतातिर केन्द्रित हुँदैछु कि नेपाल, यो नेपाली जनता अरु कहिँ कतैबाट आकाशवाणिबाट चलिरहेका छन,अनि यहाँका नेताहरु फेरि तिनै आकाशवाणिमा रुमलिएर फेरि यो मुलुक अस्तव्यस्त

बन्ने र बनाउने खतरा बन्दैछ भन्ने कुराको अर्को राजनितिक परिघटनाहरुको विकास हुँदैछ।आज हिजोको परम्परागत प्रकारको एउटा बुझाई र चेतनाबाट माथी उठ्न नसक्ने राजनितिक दलहरुले आज यो मुलुकमा फेरि हिजोकै

अँध्यारा हिजोकै नकारात्मक प्रवृत्तिहरुलाई चाहिँ त्यहिं गज्याङगुजुङ बनाईराख्ने, त्यही गोलचक्करमा फँसिराख्ने अनि नयाँ र अर्को चाहिँ विज्ञानलाई चाहिँ स्विकार गर्न नसक्ने यो खालको राजनितिक परिघटनाहरु बिकास हुँदैछन्। आज हेर्दै गर्दा हिजो तेङ्ले, तेङ्ले चाहिँ जतिबेला चिनीया मुलुकको आर्थीक विकास र संवृद्धी जो माओत्सेतुङको एउटा चाहिँ १६ बुँदे सांस्कृतिक क्रान्तिको विरुद्धमा संघर्ष गरेर नयाँ प्रकारको एउटा चाहिँ अर्को नकारात्मक अथवा कम्युनिष्ट आन्दोलन, चिनिया कम्युनिष्ट आन्दोलनको चाहिँ प्रतिक्रान्तिकारी धारको परिचय नेतृत्व गरेर जुन ढंगले आए, आज त्यसैको सिको गरेर नेपालका कम्युनिष्ट साथीहरु चाहिँ अगाडी बढ्दै गर्दाखेरि नेपालको कम्युनिष्ट आन्दोलनको राजनितिक घटनाक्रम कहाँ पुग्छ? एकपटक अनुमान गरौं,के नेपाल अब क्रान्तिकारीहहरुको राज छ यो नेपालमा? अनि यो नेपालमा के नेपाली हामी चाहेको कसैले परिवर्तनकामी जनताको नेतृत्व कसैले गरिराखेको छ भनेर विश्वास गर्ने आधार छ कहीँ ? अनि हामी फेरी हामी क्रान्तिकारी र हामी लालबुझक्कड मान्नेहरु यसो हेर्दै गर्दा नेपाली राजनितीमा के भैराखेको छ म अनुरोध गर्न चाहान्छु कि १ अब नेपाली जनताले एकपटक सबै उत्पिडितहरु एक ठाउँमा उभिएको हेर्न चाहेको छ,सबै नेपाली जनताले चाहिँ एकपटक सबै उपेक्षितहरु एकै ठाउँ उभिएको हेर्न चाहेको छ, त्यो लिङ्, त्यो उत्पिडित लिङ्ग, समुदाय, त्यो जाती, क्षेत्र, लिङ्गहरु सबै एकै ठाउँमा जो उत्पिडीत छ, जसले आफुले अधिकार नपाएको कुरा गरिराखेको छ ती सबै मान्छेहरु एक ठाउँमा केन्द्रीत भएको उसले हेर्न चाहेको छ, नेपाली जनताले हेर्न चाहेको छ।त्यहाँभित्र संवृद्धी छ, त्यहाँभित्र विकास छ, त्यहाँभित्र सबैको ईच्छा र चाहना छ, त्यहाँभित्र सबैको खुसी र एउटा चाहिँ सम्वृद्धी छ,यो बिचमा हामीले यतापट्टी नजर लाउन सक्छौं कि सक्दैनौं? अबको राजनितीक परिघटना यतातिर जान जरुरी छ ।म अनुरोध गर्न चाहान्छु कि १ माननीय सभामुख मार्फत हामी यो नेपाल अथवा यो गण्डकी प्रदेशका लागि जेजस्तो भएपनि हामीले गण्डकी प्रदेशलाई सबै जाती,क्षेत्र, लिङ्ग, समुदायको प्रदेश बनाउन नसकेतापनि कम्तीमा धन,दौलतले सम्पन्न बनाउने त्यो खुसियाली त बाडौं ,अथवा मान्छेको जीवन

अथवा उसको चाहिँ भित्र मानशीक  खुसी बनाउन नसकेतापनि उसको चाहिँ कम्तीमा देखावटी खुसी त बाँडौं। त्यो कति सक्छौंरु यो देखाउनेतिर सरकार अथवा हामी अनि हाम्रो यो सबै चाहिँ शक्ति कति यो चाहिँ गम्भिर छौं यो बिषयवस्तु हाम्रो लागि सोचनीय बनिराखेको छ र अन्त्यमा हामीले यो मुलुकमा धेरै दूस्ख,पिडा अनि एउटा आन्दोलनको एउटा पेरिफेरी बाट जुन परिवर्तन प्राप्त गरेका छौं, त्यो परिवर्तन बाट प्राप्त गरेको उपलब्धीहरुलाई सबै जात,जाती, क्षेत्र, लिङ्ग, समुदाय, उत्पिडित समुदाय, उपेक्षीतहरुको बिचमा पुऱ्याउने र संघियतालाई प्रणाली अनि एक नम्बर प्रदेशदेखि लिएर सुदुरपश्चिमसम्मको सबै ठाउँमा अथवा हिमाल, पहाड र तराई ,मधेशसम्म यि खुसी अथवा संघियताको खुसी साट्ने त्यो आधार बनाउनेको कुरा हिजोको बेलामा चाहिँ संघियता प्राप्त गर्ने बेलामा चाहिँ आखिर सबैले छोडेकै त थिए।त्यो छोडनेबेला जसले एउटा झण्डा ऊठायो, त्यो झण्डा उठाउनेहरुप्रति यो अपमान गर्ने यो राज्य, एकपटक हामीले हाम्रो संस्कार र हाम्रो बुझाइलाई एकपटक बदल्नपर्ने जरुरी छ। त्यसोभएको कारणले यो बुझाइलाई अलिकति बदल्दै आगामी दिनमा हामी बिभिन्न जात,जाती,धर्मावलम्वीहरुको, बिभिन्न संस्कार, संस्कृती अनुसारको चाडवाड दशैं, तिहार, छठ, नेपालसंवत लगायत सबै धर्मावलम्वीहरुको आ(आफ्नो चाडवाड नजिकनजिक आउँदैछ,यही चाडवाडको अवसरमा यहाँहरुप्रति शुभकामना अथवा सबैप्रति सुस्वास्थ्यको कामना गर्न चाहान्छु र आगामी दिन यो संसदको अनि हामी सबैको सुखद बन्ने एउटा अपेक्षाका साथ मम आफ्नो भनाईलाई टुङ्ग्याउन चाहान्छु। धन्यवाद !नमस्कार!

**माननीय सभामुख**

माननीय सदस्य, अब म, माननीय प्रदेश सभा सदस्य श्री कृष्ण थापालाई सभालाई सम्बोधन गर्न समय उपलब्ध गराउँछु ।

**माननीय कृष्ण थापा**

माननीय सभामुख महोदय, चौथो अधिवेशनको आज अन्त्य हुने भएको हुँदा यस सन्दर्भमा मैले आफ्ना भनाईहरु राख्न गैरहेकोछु र यो अधिवेशन अन्त्य

हुने बेलासम्म हामीले आर्थीक विधेयक तथा बजेट सम्बन्धी पनि हामीले छलफल
गऱ्यौं र यसले हामीलाई एउटा सन्देश दिएको छ की ! हामी एउटा नयाँ दिशामा अगाडी बढिरहेका छौं तर नयाँ दिशामा अगाडी बढिरहँदा हामीले समाईरहेका हामीले गरेका गतिबिधिहरु के सरल प्रकारले अगाडी बढिरहेका छन त ! भनेर हामीले हेऱ्यौं भने यो धेरै कठिन र धेरै जटिल प्रकारले नै अगाडि बढेको हामीले एउटा अनुभूति गरिरहेका छौं, जे होस हामी यो चौथो अधिवेशन अन्त्यको दिनसम्म आउँदाखेरि भएका हरेक कृयाकलापहरुलाई हामीले सकारात्मक किसिमले सोचेर अगाडी बढाउनपर्ने अहिलेको आवस्यकता छ।पुर्ववक्ता माननीयले संघीयताको सफलता हाम्रो यो विषयवस्तु नै हो यसले साह्रै अगाडी बढाउँछ भनेर धेरै एउटा सुन्दर अभिव्यक्ति पनि गर्नुभयो। हामीले भोगेको हामीले अनुभव गरेको सरल प्रकारको छ कि जटिल प्रकारको छ त यो परिस्थीतिसँग हामीले खेल्यौं र बुझ्यौं भने यो छर्लङ्ग हुने कुरा हो। मलाई लाग्छ संघीयता गाउँमा पसेको एउटा भालु र एकजना मान्छेलाई कोपरिरहेको र त्यसबेला उसको कान समातिरहेको बेला भैरहेको छ जस्तो मलाई लाग्छ।यसले धेरै अभाव भोगिरहेको छ यसले धेरै कष्टकर पनि भोगिरहेको स्थीतिहरु पनि हामीले देखिरहेका छौं कि त्यसले गर्दाखेरि त्यो कञ्चट समातिएको भालु छोड्दीउँ तपाईलाई कोपरिरहने, नछोड्दीउँ समातिएकै छ अब त्यसले गर्दाखेरि यो स्थीति पनि हामीले एउटा अनुभूती गरिरहेका छौं।यसकारण मैले यस सन्दर्भमा केही कुराहरु प्रस्तुत गर्न चाहान्छु।अहिले हामीले यो संघीयता असाध्यै कार्यान्वयन गर्ने सवालमा देखिरहेका छौंनि त ! तिन तहको तिनतिर फर्केर एक अर्कालाई तँ तँ भनेर गाली गरिरहेको अबस्था त हामीले देखिआ हो नि ! त्यसले गर्दाखेरि के लाग्छ त भने अहिले संघियता वास्तबमा आफ्नो आफ्नो अस्तित्व र अरुको अस्तित्वलाई अस्विकार गर्ने अबस्थासँग झगडा गरिरहेको छ। के यो व्यबस्थापन गर्न आवस्यक छैन? यो एउटा सबभन्दा चुनौति बनिरहेको छ।संघियतामा सबभन्दा अर्को चुनौति भनेको के हो त भने आवस्यकता अनुसार वजेट विनियोजन गर्न नसक्नु,

सबभन्दा त्यो नै एउटा पिडा हो, छटपटी हो, यो हामीले अनुभव गरिरहेको कुरा छौं। प्रदेश सभाका ४ वटा समितिहरु छन, त्यो समिति सञ्चालन गर्नका लागि अहिले सम्म पनि, २ वर्ष बित्दा पनि एउटा बैठक बस्ने कार्यकक्ष छैन।यो अभाव हो की यो सम्पन्नता हो ? यो कार्यान्वयन भएको पाटो हो की यो दुर्गमतिर फैलिएको पाटो हो, यो यस्तो अबस्था हामीले भोगिरहेका छौं र अर्कोतिर हामीले देखिरहेका छौं,संघियता एकदम सरल बनाउने प्रकारको भनिरहिएकोछ तर अहिले प्रदेशका ती कार्यालयहरु सरल ठाउँमा छन की अप्ठ्यारो ठाउँमा छन? तिन जिल्लाको एउटा कार्यालय छ। एउटा योजना सम्पन्न गर्नका लागि दुई तिन्टा जिल्ला पार गरेर आउनु पर्ने स्थीति छ।त्यसले गर्दाखेरि मलाई लाग्छ, संघीयता जटिल अबस्थाबाट गुज्रिरहेको छ कि१संघियता एकदम सरल प्रकारले गुज्रिरहेको छ? यो त छर्लङ्गै भएको कुरा हो। यसकारण म संघियतालाई कार्यान्वयन गर्ने पक्षहरु अथवा संघीयताका एकदम पथप्रदर्शक हिमायतीहरु सबैले के कुरा बुझौं भने अभाव श्रृजना गरिगरि दुर्गम परिस्थिति शृजना गरिगरि संघियता एकदम कार्यान्वयन भएको छ भनेर यो चुड्की नहाँकौं,मैले यो कुराको अनुरोध गर्न चाहान्छु।आर्कोतिर मैले अभाव छ भन्ने कुरा आर्को एउटा उदाहरण मात्र प्रस्तुत गर्न चाहान्छु।चैतको १५ गते हावाहुरी लागेर एउटा विद्यालय फालिदियो छाना१ तर त्यो विद्यालयले त्यो छाना भर्नका लागि कम्तिमा पनि भदौसम्म कुर्नपर्‍यो क्या ! यो शासन व्यबस्था यति छिटो हुने हो की के हो भन्नु।चैतमा फालिएको विद्यालय बैशाखमा बन्दैन र भदौमा आएर बन्छ त्यसमा पनि त्यो एकदम झिनो पैसा दिएर ! त्यो पनि एउटा नीति केके छैन, धेरै घुमाएर चार,पाँचवटा मन्त्रालय घुमाएर दिने व्यबस्था वास्तवमा यो सरल प्रकारको हो की जटिल प्रकारको हो? यसकारण म यो मात्र प्रश्न गर्न चाहान्छु र आर्कोतिर मैले यो २ वटा वर्षको एउटा आर्थिक वर्ष हामीले पार गर्‍यौं, मलाई लाग्छ करिब करिब हामीले ०७५ को जुन बजेट प्रस्तुत गर्‍यौं, त्यो ०७५ ले वास्तवमा वजेट कार्यान्वयन भयोकी भएन, यो सबभन्दा ठुलो चुनौती हो जस्तो लाग्छ र मलाई लाग्छ कुनैपनि संबृद्धि वास्तवमा सही प्रकारले वजेट कार्यान्वयन भयो भने मात्र हुन्छ तर

हामीले देखिहाल्यौं नि त ! नीतिका कारणले, कर्मचारीका कारणले अथवा केके केकेका कारणले गर्दाखेरि करिब करिब सबै वजेट जति फ्रीज भएर नआएको कुनैपनि योजना मेरो निर्वाचन क्षेत्रमा छैन,सबै योजनाहरु फर्केर आउने, हरेक योजनाहरु कार्यान्वयन हुन नसक्ने यो संबृद्धीको बाधक हो की संबृद्धीको सही पक्ष हो? यसकारण म सरकारसँग के प्रश्न गर्न चाहान्छु त भने तपाईंहरुले जुन किसिमको एउटा वजेट विनियोजन गर्नुभएको छ, त्यो कार्यान्वयन गर्ने पाटोमा किन यति मौनता, किन यति अन्यौलता, किन यति अस्पष्टता? आज कुनै पनि मुलुकमा पैसा भएर पनि कार्यान्वयन गर्न नसक्नु सबभन्दा बढी दुर्भाग्य हो कि होईनरु यसकारण यो पाटोलाई गम्भिरताका साथ चुनौती भएको मैले अनुभूति गरेको छु र अर्को कुरा फेरि कार्यान्वयन गर्ने पाटो हेर्नुस आज यति गम्भिर प्रकारको छ की आज कुनैपनि कार्यालयको कर्मचारीले एउटा खानेपानीको सिमेन्ट किन्न पऱ्यो भने पनि फलानो दोकानमा गएर किन् भनेर शिफारिस गर्ने परिस्थीति त्यहाँ छ। आज हामीले वजेट विनियोजन भैसकेपछि त्यो कार्यान्वयन हुन नदिने त्यो शक्तीहरु त्यति सक्रीय छन त ! यो कुराको हामीले छानबिन गर्नुपर्ने की नपर्ने? त्यसलाई मूल्याङ्कन गर्नुपर्ने की नपर्ने? यो एकदम गम्भिर प्रकारको हाम्रो देशको समस्या छ यसले गर्दाखेरि मलाई लाग्छ बजेट कार्यान्वयन प्रस्तुत गर्नु त्यो सफलता हैन र वजेटलाई सही प्रकारले कार्यान्वयन हुनु, भएको देख्नु, गराउनु यसको सफलता हो त्यसकारण मलाई लाग्छ बिगतको वर्ष सरकार यो पक्षमा चुकेको छ र आगामि दिनहरुमा सरकार त्यो बिषयमा सचेत हुनपर्ने एउटा अनुरोध गर्न चाहान्छु र अन्तिममा मैले के भन्न चाहान्छु त भने अहिले पनि हेर्नुस देशमा धेरै राम्रा किसिमका अबस्थाहरु शृजना भएको हामीले देखिरहेका छैनौं। हिजोको घटना अथवा आजको घटना हेऱ्यौं भने धेरै निराशपुर्ण पर्ने हुने स्थीतिहरु छन।आज कुनै कुनै शक्तीहरु जुन राजावादी शक्तीहरु अथवा प्रतिगामी शक्तीहरु पनि सल्बलाईरहेको अबस्थाहरु छ।देशमा हामीले देखिहाल्यौं एउटा मन्त्रीप्रति भएको दुर्व्यबहार कति नराम्रो प्रकारको छ भन्नुस त।यो हामीले अपनाएको बाटोका कारणले गर्दा भएको हो र मैले त्यतिमात्र

भन्न चाहान्न, आज हामीले सामाजीक सञ्जालमा हेर्‍यौं भने संघीय सभामुखज्यूले राजीनामा दिंदै हुनुहुन्छ अरे१ हिजो एउटा घटना घट्यो अरे, यो कति नराम्रो कुरा बन्यो देशको लागी।यति छलफल नहुन पर्ने स्थीति हो हामीहरुको लागि, त्यसमा पनि अझ कम्युनिष्टको सरकार भएको बेला।कम्युनिष्टहरुको शासन ब्यवस्था भएको बेला यति नराम्रो कुराहरु आज हामीले सुन्न परिरहेको छ र ति प्रतिगामीहरु हाँसिरहेका अबस्थाहरु छन, शायद त्यही कुरालाई हाम्रो असफलता पनि ठान्ने होलान१ संघीय एकजना माननीयजीले त एउटा अभिव्यक्त गर्नुभयो वहाँ रामकुमारी झाँक्रीले।फलाना फलाना मन्त्रीहरुले फलानो फलानो किसिमको भ्रष्टाचार गरेको छ भनेर कुरा आएको छ।यसले गर्दाखेरि यो वास्तबमा संबृद्धीको लागि धेरै घातक पक्ष छ।हामीले सबभन्दा पहिले देशमा चाहान्छौं, देश भ्रष्टाचारमुक्त होस, देशमा अशान्ती कायम नहोस र त्यतिमात्र होईन देशमा महंगी सबभन्दा घटोस, कालोबजारीहरु नहुन भन्ने यी तिन्टा प्रश्न हाम्रो अगाडी धेरै चूनौतीपूर्ण अवस्था रहेको छ,यसले गर्दाखेरि म गण्डकी प्रदेश सरकारसँग के बिनम्रता साथ अनुरोध गर्न चाहान्छु त भने हामीले एउटा सुन्दर ईतिहाँस कायम गर्ने सपना यदी देखेका छौं भने हाम्रो व्यबहार र हाम्रो कामहरु सुन्दर होस, यही सफलताको शुभकामना व्यक्त गर्दै आगामी दिनहरुमा हुने हरेक नेपालीहरुका चाडहरुको पनि म यहाँहरु सबैलाई शूभकामना व्यक्त गर्न चाहान्छु। धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्यहरु अब म, माननीय विपक्षी दलका नेता श्री कृष्ण चन्द्र नेपाली पोखरेललाई सभालाई सम्बोधन गर्न समय उपलब्ध गराउँछु।

**माननीय विपक्षी दलका नेता श्री कृष्ण चन्द्र नेपाली पोखरेल**

सभामुख महोदय, यस सम्मानित प्रदेश सभाको ०७६/०७७ को बजेट अधिवेशनको समापनका अवसरमा बोल्न दिनुभएकोमा दलको तर्फबाट धन्यवाद दिन चाहान्छु। सभामुख महोदय,केही कुरा राख्नुभन्दा अगाडी स्मरण गराउन चाहान्छु, अघिल्लो पटक मैले आफ्ना कुराहरु यहाँ राख्दै गर्दा दाहिने

साईडमा रहनुहुने माननीय सदस्यज्युहरु बाट एउटा प्रश्न आएको थियो कि १ यस्ता कुरा शिंहदरवारमै गर्नपर्थ्यो भन्ने कुरा आएको थियो।सभामुख महोदय, अहिले पनि म भन्न चाहान्छु नेपाल सरकार र प्रदेश सरकार अन्योन्याश्रित छ र नेपाल सरकारको सफलता र असफलतामा प्रदेश पनि डिपेन्डेन्ट हुन्छ र प्रदेशको सफलता र असफलतामा केन्द्र पनि हुन्छ।यस अर्थमा केन्द्रीय घटनाक्रमहरु, केन्द्रीय राजनितीहरुलाई यदी हामीले यो सदनमा राखेनौं भने सभामुख महोदय त्यो फेरि अर्को अन्याय हुन्छ।यस अर्थमा म सुरुमा यस सम्मानित प्रदेश सभामा बडो दूस्खका साथ भन्छु मैले,एउटा लज्जाजनक घटना भन्छु मैले।संघीय लोकतान्त्रिक गणतन्त्रमा कलङ्क लाग्ने किसिमको घटना आज सार्वजनिक भएको अबस्था छ।सभामुख महोदय, नेपालको सार्वभौमसत्ता सम्पन्न संसद, त्यसको सभामुख,बहालवाला सभामुख,आफ्ना सुरक्षागार्डसहित कुनै महिलाको घरमा गएर वलात्कार गरिएका कुराहरु आएको छ,यो भन्दा ठुलो हामी नेपालीहरुको लागि लज्जास्पद कुरा अरु हुन सक्दैन।आज सभ्य समाजले हेरेको छ,आज सारा नेपालिहरु हेरेका छन,त्यो सम्मानित पदमा बसेको व्यक्ति जो बाट यस प्रकारको हर्कत भयो घटना भयो मलाई साँच्चै भन्ने हो भने आज हामी सबैलाई सोच्न पर्ने बेला छ र त्यो घटनाको बिवरण हामी सबैलाई थाहा छ।घटना घट्यो स्वयं तत्कालीन भन्छु म वहाँले राजीनामा दिनुभयो भन्ने सुन्याछु। सभामुखले म त्यहाँ गएको हो, मदिरापान सेवन गरेको हो, भनेर पत्रकारलाई जवाफ दिईसकेपछि सचिवालय बाट वहाँ बालुवाटार बाट सिधै यहाँ आउनुभो, २ बजेदेखी कहीँ जानुभाको छैन भनेर बचाउ गर्न खोजियो तर अहिलेको चेतनशील समाज, यो उज्यालो संसार, रातीको १२ बजे जस्तो हुँदैन, त्यो प्रेशर थाम्न नसकेर वहाँले राजीनामा दिनुभाछ, दिनुभाकोमा म धन्यवाद पनि दिन चाहान्छु र त्यो घटनालाई एउटा साधारण नागरिक सरह मुद्दामा अभियोजन लागेर कारवाही हुनुपर्छ भन्ने सभामुखज्यु मार्फत म अनुरोध गर्न चाहान्छु किनभने हामी झस्केका छौं, हामी तर्सेका छौं,एउटा शक्तिकेन्द्रसँग सम्बन्धीत भएको कारणले गर्दाखेरि निर्मला हत्याकाण्ड आज हराएर गएको अबस्था छ।आज त्यो महिलाले ईन्साफ पाउने की नपाउनेरुजसले

रुँदै आँफुले सार्वजनिकरुपमा भनेकी छन र कृष्ण बहादुर महराको आवाज सुनाएकी छन टेलीफोनमा, उनले पास्ट ईज पास्ट डण्ट माईण्ड ! हिजोको घटना बिर्सिदेउ भनेका आवाज सुनाएकी छन, अब त्यो घटनालाई फेरि शक्तिको आधारमा तोडमोड गर्न खोजियो भने त्यहाँ हाम्रो असहमती रहनेछ। सभामुखजी मार्फत म अनुरोध गर्न चाहान्छु सभामुख महोदय। यति भनिकन म अलिकिति आफ्नो कुराहरु अरु राख्न चाहान्छु।यही राख्ने सन्दर्भमा सभामुख महोदय, मित्रराष्ट्र भारतको एउटा उदाहरण दिन चाहान्छु।मित्रराष्ट्र भारतले पनि संबिधान सभा वाट संबिधान बनाएको कुरा हामी सबैलाई थाहा भएकै कुरा हो।१९५० मा संबिधान घोषणा गर्दा संबिधान निर्माता भिम राव अम्बेडकरले आफ्नो चर्चित संबोधनमा भनेका थिए,संविधान राम्रो बन्यो तर राज्य संचालकहरु खराब भए भने देश बन्दैन,जनताले दूस्ख पाउँछ। संविधान ठिकै बनेपनि नेताहरु, संचालकहरु विवेकशिल र अब्बल भए भने त्यो अर्थपूर्ण हुन्छ ,देश बन्छ।सभामुख महोदय, म यो उदाहरण किन ल्याईराखेको छु भने निश्चितरुपमा भरखरै हामीले संविधान दिवश मनायौं,बडो धूमधामसँग।केन्द्रमा पनि मनायौं, प्रदेशमा पनि मनायौं र यो मनाउँदै गर्दा हामीले स्मरण गर्‍यौं या गर्नुपर्छ कि नेपाली जनताको हातमा नेपालको यो संविधान दिने सन्दर्भमा देश भित्र र बाहिरको चर्को दबाव थियो।यसका बावजुद पनि नेपालको संविधान नेपाली जनताको हातमा राख्न सफल भएकोमा तत्कालिन सरकारलाई नेतृत्व गर्ने स्वर्गीय सुशील कोईरालालाई श्रद्‌धापुर्वक स्मरण गर्न चाहान्छु र त्यो अभियानमा महत्वपूर्ण भूमिका खेल्ने नेताहरुलाई सम्मान गर्न चाहान्छु।सभामुख महोदय, अम्वेडकरको माथिको भनाईको अर्थ अझै क्लीयर गर्नुपर्दा देश सफल हुन संविधान राम्रो भएर मात्र पुग्दैन,सरकार राम्रो हुनुपर्छ, राजनीति राम्रो हुनुपर्छ, प्रशासन राम्रो हुनुपर्छ, नेतृत्व राम्रो हुनुपर्छ र प्रशासकीय चरित्र राम्रो हुनुपर्छ भन्ने नै हो। यसै सन्दर्भमा यसै आलोकमा हेर्ने हो भने हाम्रो देशको अबस्था,हामीले संविधान दिवशलाई राष्ट्रीय दिवशको रुपमा मनाईरहेको अबस्था, २ नम्बर प्रदेशमा कालो दिवशकोरुपमा मनाईएको, टुँडिखेलको शैनिक मञ्चमा भव्य समारोह हुँदै गर्दा वसन्तपुरमा आदीवासी

जनजाती लगायत असन्तुष्ट समुदायले विरोध गरेर मनाए।राजपा जो संसदमा पनि छ र २ नम्बर प्रदेशको सरकारमा पनि छ तर भँन्दैछ यो संविधान दिवश हाम्रा लागि कालो दिवश हो।सभामुख महोदय, हामीले ईमान्दारितापुर्वक भन्ने हो भने यो स्वीकार्नुपर्छ की ०७२ असौज ३ गते संबिधान घोषणा हुँदै गर्दा कतै उत्सव थियो, उत्सवको माहोल थियो भने कतै उत्सर्गको माहोल थियो।यसै वस्तुस्थीतिलाई ध्यानमा राखेर अर्थात संविधान जारि पनि गर्नुपर्ने परिस्थीति,मधेशसँग सम्बन्धी समस्याहरु पनि संवोधन गर्नुपर्ने परिस्थीतिलाई मध्यनजर गरेर नै तत्काल संविधान संशोधनको प्रस्ताव दर्ता गराईएको थियो।शायद तत्कालिन सरकारको त्यही दुरदर्शीताकै कारण मधेशवादी दलहरुले निर्वाचनमा भाग लिए र संघीय लोकतान्त्रीक गणतन्त्रलाई संस्थागत संवर्धन गर्न सहयोग पुऱ्याएको यो ऐतिहाँसिक तथ्यलाई हामीले भुल्नुहुँदैन।सभामुख महोदय, त्यसपछि तिनै तहका निर्वाचन सम्पन्न भए।निर्वाचन सम्पन्न गर्ने सरकारलाई हामी धन्यवाद दिन चाहान्छौं।निर्वाचनको परिणाम ने।क।पा।को पक्षमा गयो, नेपाली काङ्ग्रेशले नेपाली जनताको आदेशलाई सहज रुपमा स्विकाऱ्यो। नेकपाले झण्डै दुई तिहाईको नजिक नजिक हुँदा पनि स्पष्ट दुई तिहाईको सरकार हुनको लागि मधेशवादी दलहरुसँग संविधान संशोधन गरेर मधेशी दलको मागलाई संवोधन गर्ने गरि संझौता गरेर उनिहरुलाई पनि सरकारमा सामेल गऱ्यो।नेपाली कंग्रेशले मधेशको मागलाई संवोधन गर्नुपर्छ भनेर नै संशोदन प्रस्ताव दर्ता गराएको हुनाले नेकपा र मधेशीदलहरुको बिचमा भएको संझौतालाई सकारात्मकरुपमा लियो तर आजसम्म मधेशी दलसँग भएको संझौताअनुसार संशोधन नहुनु,उल्टै सत्तापक्षबाट आवस्यकताको आधारमा संशोधन गर्ने हो,कसैले भन्दैमा संशोधन हुँदैन आदी दम्भपूर्ण अभिव्यक्तीहरु दिने र जाँघर तर्ने लट्ठी फ्याँक्ने भन्ने ऊखानलाई चरितार्थ गर्ने। संसद र सत्तामा रहने पार्टीहरु संविधान जलाउने, यसप्रकारको अराजक र असहज परिस्थीतिको पूर्ण जिम्मेवारी को? वर्तमान सरकारले जिम्मेवारी लिनुपर्छ।मधेश आन्दोलनलाई संवोधन गर्ने क्रममा स्पष्टरुपमा संघीयतालाई हामीले स्विकारेको हो।यो ऐतिहाँसिक तथ्य हो, मधेशलाई मुलधारमा समावेश

नगर्दा सम्म संबिधानमा उनिहरुको पनि अपनत्व कायम नगर्दा सम्म संघियता संस्थागत र सवल हुन सक्दैन यो तथ्यलाई अहिले दुई तिहाईको सरकारले बुझ्न जरुरी छ।सभामुख महोदय,माथीका ऐतिहाँसिक र राजनितिक वास्तविकता राख्दै वर्तमान अबस्थातिर ध्यानाकर्षण गर्न चाहान्छु।ईतिहाँसमै सबैभन्दा शक्तिशाली दुई तिहाईको सरकार निर्माण भएपछि सात दशकदेखी एउटा सपना बोकेर रहेका नेपाली जनताहरुले देशमा स्थायी सरकार बन्यो, अब प्रगतितर्फ देश लम्कन्छ, सम्बृद्धितर्फ देश लम्कन्छ भनेर आशा गरे जो स्वभाबिक थियो।आज लगभग दुई वर्षसम्म आउँदा कमसेकम संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको जनताद्वारा निर्वाचित वर्तमान सरकारले जनताको राहतको लागि, यूवाहरुको लागि,दलितहरुको लागि, आदीवासी जनजातीको लागि यो यो काम गर्‍यो भन्ने कुरा देखाउन नसक्नु दूखको कुरा हो।प्रतिपक्षीमा भएर भनेको होईन,आज आम सञ्चार जगत, नागरिक समाज,वुद्धिजिबि, युवा, विद्यार्थी,किसान,उद्योगपति, किसान,कलाकार आदी सम्पूर्ण नेपाली समाज र राजनितिक दल मात्र होईन स्वयं सत्तारुढ दलका नेताहरुले समेत यो सरकारले काम गर्न सकेन,सकिरहेको,स्विकारिएको अबस्था छ र मैले यदी मिडियामा आको सही हो भने अस्ती प्रधानमन्त्रीजी स्वयंले यो कुरो स्विकार्नुभएको अबस्था छ।सभामुख महोदय, दशैं आएको छ,आम नेपालीहरु चाडवाड उन्मुख भएका छन,यही बेलामा आज बजारभाउ आकासिएको छ। कहिले प्याज ३० रुपैयाँ बढी भाउ बढ्छ,कहिले २० रुपैयाँ आलु, यसरी नै प्रत्येक खाद्यपदार्थमा भाउ बढेको अबस्था छ।चर्को मुल्यवृद्धीलाई लिएर जनताले आवाज निकाले भने जवाफ आउँछ, जमानामा ९० रुपैयाँमा १ तोला सुन आउँथ्यो, अहिले खोजेर हुन्छरु भन्ने जवाफ पाईन्छ।निर्मला पन्तको वलात्कार पछिको हत्याकाण्डलाई यस्ता घटना हिजो पनि हुन्थे भोली पनि हुन्छ भन्ने जवाफ पाईन्छ।गुठी विधेयक विरुद्धको जनप्रदर्शनलाई प्रतिगामी चलखेल भन्ने पनि जवाफ आउँछ र पछि सरकार स्वयं पछाडी हट्छ।वाइडबडीलाई ढाकछोप गर्ने प्रयत्न गरिन्छ,वालुवाटार जग्गा दर्ता प्रकरण जसमा सत्तापक्षका जिम्मेवार नेता स्वयं संलग्न हुनुहुन्छ लाई

रहस्यमय बनाईन्छ।त्यतिमात्रै होईन, नेपाली कांग्रेशको नेतृत्वमा, शेर बहादुरको नेतृत्वमा भएको सरकारले ईन्धनमा प्रतिलिटर ५ रुपैयाँ ट्याक्स लगाएर,त्यो ट्याक्स बाट आएको पैसा बाट बुढीगण्डकी योजनालाई कम्प्लिट गर्ने भनेर जुन निर्णय गरेको थियो र कोषमा प्रसस्त पैसा पनि जम्मा भएको थियो ती कुरालाई नजरअन्दाज गरेर बुढीगण्डकी गेजुवा कम्पनी चाईनिज कम्पनिलाई सिधै दिईएको अबस्था छ। त्यतिमात्रै होईन मेलम्चीको पानी आईसकेको थियो तर कमिशन नमिलेको कारणले त्यो पनि अलपत्र परेको छ।अब सभामुख महोदय, कसरि संघीय लोकतन्त्र गणतन्त्रको राम्रो सन्देश जानसक्छ म प्रश्न गर्न चाहान्छु सभामुख महोदय१ उपरोक्त काण्डहरुका अलावा मैले भन्नैपर्छ,मैलेमात्रै हैन आज सबैले स्विकारेको अबस्था छ।कतिले भन्न मिल्ला कतिले नमिल्ला,अहिले जो पद्धतिकै विरुद्धको जुन एउटा माहोल बनाउन खोजिएको छ,त्यसमा सम्माननीय प्रधानमन्त्रीज्युका अभिव्यक्तिहरु पनि धेरै हदमा जिम्मेवार छन, त्यो अनास्था पैदा गराउने।सुरुमै वहाँले भन्दिनुभो के अरिङ्गाल झैं जाईलाग भनेर कार्यकर्ताहरुलाई निर्देशन गर्नुभो सभामुख महोदय,त्यो अरिङ्गालको परिणाम पनि देखिन थालेको छ,सभामुख महोदय अनि फेरि भन्नुभो प्रधानमन्त्रीजीले काठमाण्डौका सडक धूलैधूलो हामी अहिले गयौं भनेपनि हामीले मुख छोप्नुपर्ने अबस्था छ,त्यहाँका जनताले मास्क लगाएर हिंडने उनीहरुको जीवन पद्धति बनेको अवस्था छ,वाद्यता छ।ती जनताहरुलाई मास्क लगाउनलाई मार्क्सवाद विरोधी भन्दिनुभो१त्यतिमात्रै हैन,व्यबस्था विरोधीलाई त शिंहिनीले झैं झम्टिन्छु भनेर हुंकार पनि गर्नुभो,सभामुख महोदय, त्यसको परिणाम आज यो अवस्था आएको छ तर मैले भन्नैपर्छ अस्तीमात्र १२ गतेको दिन यही अरिंगालको निर्देशन हो की भन्ने हामीलाई शंका लागेको छ की हाम्रो नेपाली कंग्रेशका केन्द्रीय सदस्य,नेता तनहुँको रिसिङ गाउँपालिकामा एउटा कार्यक्रममा जाँदै गर्दा जसरि नेकपाका कार्यकर्ता साथीहरुले त्यहाँ जुन प्रदर्शन गर्नुभो, मैले मिडियामा हेरें, मलाई ३५ सालको झझल्को लाग्यो,जतिखेर पञ्चायत उत्कृष्टमा थियो, गाउँफर्के र मण्डलेहरु उत्कृष्टमा थिए र हामीहरुलाई त्यसरी नै ब्लकेड गरिन्थ्यो,यही

पोखरा हो जहाँ मण्डलेहरुले हामीलाई बि।पि। कोईरालालाई ल्याण्ड गर्न नदिंदाखेरि पिटाई खानि हामी धेरै छौं ।